नेपाल सरकार
चिकित्सा शिक्षा आयोग
सानोठिमी, भक्तपुर

# चिकित्सा शिक्षा एकीकृत प्रवेश परीक्षा तथा विद्यार्थी भर्नासम्बन्धी कार्यविधि,२०८३

( चिकित्सा शिक्षा आयोगको मिति २०८३/०२/२० को बैठकबाट स्वीकृत)

नेपाल सरकार

चिकित्सा शिक्षा आयोग

# चिकित्सा शिक्षा एकीकृत प्रवेश परीक्षा तथा विद्यार्थी भर्नासम्बन्धी कार्यविधि, २०८३

कानून,न्याय तथा संसदीय मामिला मन्त्रालय सिंहदरबार,काठमाडौं
प्रमाणीकरण विधायनको प्रकार: कार्यविधि
दर्ता नं: १०।०८२
दर्ता मिति: २०८१।०८।०४

## प्रस्तावना

चिकित्सा शिक्षाका विभिन्न शैक्षिक कार्यक्रममा स्वदेश वा विदेशमा उच्च शिक्षा अध्ययनका लागि विद्यार्थी छनौट गर्न लिइने एकीकृत प्रवेश परीक्षालाई गुणस्तरीय, मर्यादित र व्यवस्थित वनाउन आवश्यक भएकाले राष्ट्रिय चिकित्सा शिक्षा ऐन, २०७५ को दफा ५४ख ले दिएको अधिकार प्रयोग गरी यो कार्यविधि जारी गरिएको छ ।

## परिच्छेद - १
## प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भ

(१) यो कार्यविधिको नाम "चिकित्सा शिक्षा एकीकृत प्रवेश परीक्षा तथा विद्यार्थी भर्नासम्वन्धी कार्यविधि, २०८३" (Medical Education Common Entrance Examination and Student Admission Procedure, 2026) रहेको छ ।

(२) यो कार्यविधि कार्यकारी समितिले स्वीकृत गरेको मितिदेखि लागू हुनेछ ।

२. परिभाषा

विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क) 'आयोग' भन्नाले राष्ट्रिय चिकित्सा शिक्षा ऐन, २०७५ को दफा ३ बमोजिम चिकित्सा शिक्षा आयोग सम्झनु पर्छ ।

(ख) 'ऐन' भन्नाले राष्ट्रिय चिकित्सा शिक्षा ऐन, २०७५ सम्झनु पर्छ ।

(ग) 'कार्यकारी समिति' भन्नाले राष्ट्रिय चिकित्सा शिक्षा ऐन, २०७५ को दफा ८ बमोजिम कार्यकारी समिति संम्झनु पर्छ ।

(घ) 'कार्यविधि' भन्नाले चिकित्सा शिक्षा एकीकृत प्रवेश परीक्षा तथा विद्यार्थी भर्नासम्वन्धी कार्यविधि, २०७९ सम्झनु पर्छ ।

(ङ) 'चिकित्सा शिक्षा' भन्नाले स्वास्थ्य पेशासम्बन्धी सबै विधा र तहको शिक्षा भन्ने सम्झनु पर्छ

(च) 'नियमावली' भन्नाले राष्ट्रिय चिकित्सा शिक्षा नियमावली, २०७७ (संशोधनसहित) सम्झनु पर्छ।

(छ) 'निर्देशक' भन्नाले राष्ट्रिय चिकित्सा शिक्षा ऐन, २०७५ को दफा २९ बमोजिम नियुक्त परीक्षा निर्देशनालयको निर्देशकलाई सम्झनु पर्छ ।

(ज) 'निर्देशनालय' भन्नाले राष्ट्रिय चिकित्सा शिक्षा ऐन, २०७५ को दफा २८ को उपदफा (१) को खण्ड 'ग' बमोजिमको परीक्षा निर्देशनालय सम्झनु पर्छ ।

(झ) 'न्यूनतम योग्यता' भन्नाले स्नातक तह, स्नातकोत्तर तह र सो भन्दा माथिल्लो तहका चिकित्सा शिक्षाका कार्यक्रमहरूमा भर्ना हुन आयोगले तोकेको न्यूनतम योग्यतालाई सम्झनु पर्छ ।

(ञ) 'प्रतिष्ठान' भन्नाले चिकित्सा शिक्षा प्रदान गर्न प्रचलित कानून बमोजिम स्थापित प्रतिष्ठान सम्झनु पर्छ ।

(ट) 'प्रवेश परीक्षा' भन्नाले चिकित्सा शिक्षाका विभिन्न शैक्षिक कार्यक्रममा उच्च शिक्षा अध्ययनका लागि विद्यार्थी छनौट गर्न लिइने एकीकृत प्रवेश परीक्षा सम्झनु पर्छ ।

(ठ) 'म्याचिङ' भन्नाले प्रवेश परीक्षाको नतिजाको योग्यताक्रम र उम्मेदवारले निर्धारण गरेको प्राथमिकताका आधारमा भर्नाका लागि शिक्षण संस्था र शैक्षिक कार्यक्रममा विद्यार्थी छनौट गर्ने प्रक्रियालाई सम्झनु पर्छ ।

(ड) 'योग्यताक्रम' भन्नाले एकीकृत प्रवेश परीक्षाको नतिजा तथा परीक्षा समितिले तोकेका अन्य आधारहरूसमेतबाट तय भएको योग्यताको क्रम सम्झनु पर्छ ।

(ढ) 'विश्वविद्यालय' भन्नाले नेपालको कानून बमोजिम उच्च शिक्षा प्रदान गर्न गराउन स्थापना भएका विश्वविद्यालय सम्झनु पर्छ ।

(ण) परीक्षा समिति' भन्नाले नियमावलीको नियम १४ बमोजिम गठित चिकित्सा शिक्षा एकीकृत प्रवेश परीक्षा समिति सम्झनु पर्छ ।

(त) 'बोर्ड' भन्नाले राष्ट्रिय चिकित्सा शिक्षा ऐन, २०७५ को दफा २८ को उपदफा (१) को खण्ड 'घ' बमोजिमको नेसनल बोर्ड अफ मेडिकल स्पेसियालिटिज सम्झनु पर्छ ।

परिच्छेद - २

## परीक्षा समिति सम्बन्धी व्यवस्था

३. चिकित्सा शिक्षा एकीकृत प्रवेश परीक्षा समिति

(१) राष्ट्रिय चिकित्सा शिक्षा नियमावली, २०७७ (संशोधन सहित) को नियम १४ बमोजिम एकीकृत प्रवेश परीक्षा सञ्चालन गर्ने प्रयोजनका लागि निर्देशनालय अन्तर्गत रही काम गर्न देहाय बमोजिमको एक चिकित्सा शिक्षा एकीकृत प्रवेश परीक्षा समिति रहने छ ।

(क) निर्देशक, परीक्षा निर्देशनालय, चिकित्सा शिक्षा आयोग - अध्यक्ष

(ख) चिकित्सा शिक्षा सञ्चालन गर्ने विश्वविद्यालय तथा प्रतिष्ठानका डीनहरूमध्ये कार्यकारी समितिबाट मनोनित चारजना - सदस्य

(ग) विश्वविद्यालय वा प्रतिष्ठानमा परीक्षासम्वन्धी अनुभव हासिल गरेका विज्ञमध्ये कार्यकारी समितिबाट मनोनित एकजना - सदस्य

(घ) वरिष्ठ अधिकृत, परीक्षा निर्देशनालय, आयोग - सदस्य-सचिव

(२) चिकित्सा शिक्षा एकीकृत प्रवेश परीक्षा समितिको बैठकसम्बन्धी कार्यविधि सो समिति आफैंले निर्धारण गरे बमोजिम हुनेछ ।

(३) मनोनित सदस्यहरूको पदावधि नियुक्ति भएको मितिले दुई वर्षको हुनेछ र निजहरू पुनःनियुक्ति हुन सक्नेछन् ।

(४) परीक्षा समितिमा मनोनित सदस्यको पद रिक्त हुने अवस्था

(क) पेश गरेको राजीनामा कार्यकारी समितिबाट स्वीकृत भएमा,

(ख) समितिका मनोनित सदस्यले आफ्नो जिम्मेवारी पूरा नगरेमा,

(ग) पद अनुसारको आचरण नगरेमा,

(५) उपदफा (४) को (ख) र (ग) बमोजिम पदबाट हटाउनु अघि निजलाई आफ्नो सफाइ पेश् गर्ने मौकाबाट वञ्चित गरिने छैन ।

(६) निर्देशकको पद रिक्त रहेको अवस्थामा समितिका बाँकी सदस्य र कार्यकारी समितिको संयुक्त वैठकबाट निर्णय गरी तोकिएको समितिको सदस्यले परीक्षा समितिको संयोजकको कार्य गर्नेछ।

४. परीक्षा समितिको काम, कर्तव्य र अधिकार

परीक्षा समितिको काम, कर्तब्य र अधिकार देहायबमोजिम हुने छ :

(१) एकीकृत प्रवेश परीक्षाको पाठ्यक्रम, पाठ्यभार तथा न्यूनतम योगयता निर्धारणका लागि कार्यकारी समितिमा पेश गर्ने।

(२) पाठ्यक्रम तथा प्रश्नपत्र निर्माणमा संलग्न हुने विशेषज्ञको मापदण्ड निर्धारण गर्ने ।

(३) आवेदनको प्रक्रिया र ढाँचा निर्धारण गर्ने ।

(४) परीक्षामा संलग्न हुने पदाधिकारी तथा परीक्षार्थीको आचारसंहिता तय गर्ने ।

(५) प्रश्नपत्र, प्रश्नपत्रको ढाँचा तथा उत्तरकुञ्जिका निर्माण, परिमार्जन, अन्तिमीकरण, परीक्षा सञ्चालन सम्वन्धी प्रक्रिया र उत्तरपुस्तिका परीक्षणका लागि आवश्यक मापदण्ड तय गर्ने ।

(६) टाइब्रेकिङको विषयगत आधार तय गर्ने ।

(७) परीक्षासम्बन्धी कार्यको निरीक्षण तथा अनुगमन गर्ने गराउने ।

(८) कार्यकारी समितिबाट प्रत्यायोजित एवम् निर्देशित परीक्षासम्बन्धी काम गर्ने गराउने ।

५. योग्यताक्रमसम्बन्धी व्यवस्था

(१) भर्नाका लागि योग्य हुन एकीकृत प्रवेश परीक्षाको नतिजामा सम्बन्धित परीक्षामा सम्मिलित उम्मेदवारहरूले प्राप्त गरेको प्राप्ताङ्कहरूको योग्यताक्रम (र्याङ्क) को आधारमा न्यूनतम ५० औं पर्सेन्टाइल हुनुपर्नेछ ।

(२) विदेशी विद्यार्थी भर्ना प्रयोजनका लागि तोकिएको सिटमा दोस्रो प्राथमिकताबाट आवेदन दिने उम्मेदवारका हकमा आयोगले सूचीकृत गरेको विदेशी राष्ट्रहरूको राष्ट्रियस्तरको चिकित्सा शिक्षासम्बन्धी सबैभन्दा पछिल्लो (latest) एकीकृत प्रवेश परीक्षाको ५० औं पर्सेन्टाइल अथवा उक्त प्रवेश परीक्षाको नतिजा प्रतिशतमा रहेछ भने न्यूनतम ५० प्रतिशत अङ्क नै कायम हुनेछ।

(३) भिन्नाभिन्नै राष्ट्रियस्तरका एकीकृत प्रवेश परीक्षाहरूका आधारमा योग्यता पुगी निर्धारित समयभित्रै आवेदन दिई स्वीकृत भएका उम्मेदवारहरूको एकीकृत योग्यताक्रम निर्धारण गर्दा निजहरूको प्राप्ताङ्कको प्रतिशत अनुसार गरिनेछ ।

(४) प्रत्येक सही उत्तरका लागि अङ्क १ प्राप्त हुनेछ र प्रत्येक गलत उत्तरका लागि ०.२५ अङ्क घटाइनेछ।

## परिच्छेद - ३
## आवेदनसम्बन्धी व्यवस्था

**६. प्रवेश परीक्षाको अनलाइन आवेदन आह्वान**

परीक्षा समितिले नियमावलीको नियम १५ मा भएको व्यवस्थाबमोजिम अनलाइन आवेदन दिनका लागि देहायका विवरण खुलाई राष्ट्रियस्तरको दैनिक पत्रिका र आयोगको वेबसाइट मार्फत सार्वजनिक सूचना प्रकाशन गर्नुपर्नेछ ।

(क) प्रवेश परीक्षाको तह, कार्यक्रम र विषय,
(ख) प्रवेश परीक्षामा परीक्षार्थी हुनका लागि चाहिने न्यूनतम योग्यता,
(ग) प्रवेश परीक्षा शुल्क,
(घ) शिक्षण संस्थाका विषयगत सिट सङ्ख्या,
(ङ) परीक्षाका लागि आवेदन दिने दरखास्तको अनलाइन ढाँचा,
(च) परीक्षाको किसिम,
(छ) परीक्षाको समय तालिका,
(ज) दरखास्त दिने अन्तिम म्याद,
(झ) परीक्षासम्बन्धी अन्य आवश्यक विषय ।

६(क). स्नातक र स्नातकोत्तर तहको अनलाइन आवेदन गर्ने समय अवधि २१ दिन र डिएम/एमसिएच तहको १४ दिन हुनेछ । सो पछि ७ दिनसम्म दोब्बर दस्तुर बुझाई आवेदन दिने व्यवस्था गर्न सकिनेछ ।

**७. प्रवेश परीक्षामा सामेल हुन चाहिने न्यूनतम योग्यता**

यस कार्यविधि बमोजिम प्रवेश परीक्षामा सामेल हुनका लागि सम्बन्धित शैक्षिक कार्यक्रमको एकीकृत प्रवेश परीक्षाको पाठ्यक्रम (syllabus) मा निर्धारण भएबमोजिमको योग्यता पूरा गरेको हुनुपर्नेछ ।

७(क). दफा ७ मा जुनसुकै कुरा लेखिएको भएतापनि कक्षा १२ को परीक्षाको प्रवेशपत्रको आधारमा आवेदन गरी स्नातक तहको एकीकृत प्रवेश परीक्षामा सहभागी हुन बाधा पर्ने छैन । यसरी प्रवेश परीक्षामा सहभागी भएका उम्मेदवारहरूको हकमा कक्षा १२ को नतिजा प्रकाशन भएपश्चात् दफा ७ बमोजिम योग्यता पुगेका उम्मेदवारहरूलाई मात्र समावेश गरी एकीकृत प्रवेश परीक्षाको नतिजा प्रकाशन गरिनेछ ।

**८. प्रवेश परीक्षाको आवेदन शुल्क**

चिकित्सा शिक्षा एकीकृत प्रवेश परीक्षाको आवेदन शुल्क कार्यकारी समितिले तोकेबमोजिम हुनेछ ।

**९. परीक्षा रद्द हुने अवस्था**

परीक्षा समितिले निर्णय गरेको अवस्थामा बाहेक परीक्षा कार्यक्रम रद्द हुने छैन ।

**१०. दरखास्त फाराम पेश गर्ने**

निर्देशनालयबाट प्रकाशित सूचना बमोजिम सञ्चालन हुने प्रवेश परीक्षामा सहभागी हुनका लागि उम्मेदवारले सूचनामा उल्लेख भएबमोजिम आफूले आवेदन गर्न चाहेको समूहमा अनलाइन

माध्यममार्फत दरखास्त फाराम पेश गर्नुपर्नेछ । आफ्नो न्यूनतम योग्यता पुग्ने र परीक्षा तालिकासँग नबाझिने गरी एक भन्दा बढी शैक्षिक कार्यक्रम (समूह) मा सहभागी हुन छुट्टाछुट्टै बैङ्क भौचर नम्बर उल्लेख गरी वा अनलाइन रकम भुक्तानी गरी आवेदन गर्न सकिनेछ ।

(१) उम्मेदवारले दरखास्त फारामका साथ निम्नलिखित कागजात अपलोड गर्नुपर्नेछ :

(क) आवेदक नेपाली नागरिक भए नेपाली नागरिकता/राष्ट्रिय परिचयपत्र तथा विदेशी नागरिकको हकमा राहदानी/इआधारकार्ड,

(ख) न्यूनतम शैक्षिक योग्यताको प्रमाणपत्र र ट्रान्सक्रिप्ट वा ट्रान्सक्रिप्ट जारी नहुने बोर्डको हकमा मार्कसिट र स्नातकोत्तर तहमा मार्कसिट जारी नगर्ने बोर्डको हकमा स्नातकोत्तर तहको प्रमाणपत्र,

(ग) विदेशी बोर्ड वा विश्वविद्यालयबाट उत्तीर्ण हुनेहरूको हकमा नेपाल सरकारले तोकेको निकाय वा विश्वविद्यालयबाट समकक्षता निर्धारण गरेको प्रमाणपत्र,

(घ) शैक्षिक योग्यताका प्रमाणपत्रहरू प्रतिशत वा ग्रेड नखुलेको भए सम्वन्धित विश्वविद्यालय वा प्रतिष्ठानले प्रतिशत वा ग्रेड खुलाएको प्रमाणपत्र,

(ङ) आरक्षण समूहमा आवेदन गर्ने उम्मेदवारको हकमा नियमावलीको नियम २१ बमोजिम प्रमाणित हुने कागजातहरू,

(ङ१) सामुदायिक विद्यालयमा कक्षा ६-१० अध्ययन गरी आरक्षण समूहमा आवेदन गर्ने उम्मेदवारहरूले अनुसूची १९ वमोजिमको ढाँचामा विवरण भरेको प्रमाणित कागजात,

(च) अनुभव आवश्यक पर्नेको हकमा अनुभवसम्वन्धी प्रमाणपत्र,

(छ) नियमावलीको नियम १६ को व्यवस्था बमोजिम सार्वजनिक शिक्षण संस्थामा स्नातकोत्तर तहमा अध्ययन गर्न चाहने सरकारी चिकित्सक वा सरकारी सेवामा कार्यरत स्वास्थ्यकर्मीले त्यस्तो तहमा अध्ययन गर्नका लागि नेपाल सरकार स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयबाट अध्ययन अनुमति/पूर्व स्वीकृति पत्र लिई दरखास्त साथ पेश गर्नुपर्नेछ,

(ज) सम्बन्धित काउन्सिलमा नाम दर्ता भएको प्रमाणपत्र (MPhil in Clinical Psychology बाहेकको कार्यक्रम/विषयहरूका हकमा),

(झ) कार्यकारी समितिले तोकेबमोजिमको परीक्षा शुल्क बुझाएको बैङ्क भौचर वा सोसँग सम्वन्धित डिजिटल प्रमाण,

(ञ) हालसालै खिचिएको पासपोर्ट साइजको डिजिटल फोटो,

(ट) आवेदकको हस्ताक्षरको स्क्यान प्रति,

(ठ) यस कार्यविधिको दफा २१ को उपदफा (३) बमोजिम भर्ना हुन चाहने विदेशी उम्मेदवारको हकमा सम्बन्धित राष्ट्रको प्रवेश परीक्षामा न्यूनतम ५० औं पर्सेन्टाइल प्राप्त गरेको अथवा उक्त प्रवेश परीक्षाको नतिजा प्रतिशतमा रहेछ भने न्यूनतम ५० प्रतिशत अङ्क प्राप्त गरेको प्रमाणपत्र,

(ड) परीक्षा समितिले आवश्यक ठानेका अन्य कागजातहरू ।

(२) एकीकृत प्रवेश परीक्षाबाट योग्यताक्रम निर्धारण भई भर्नाको अवसर प्राप्त गर्ने उम्मेदवारले सम्बन्धित विश्वविद्यालयमा भर्ना हुँदा दरखास्त फारामका साथ पेश गरेका सम्बन्धित कागजातका सक्कल र प्रमाणित प्रतिलिपि अनिवार्य पेश गर्नुपर्नेछ ।

(३) कुनै उम्मेदवारले आवेदनका समयमा पेश गरेको विवरण र अपलोड गरेका शैक्षिक प्रमाणपत्र तथा कागजातहरू झुठो ठहर भएमा निजको नाम जुनसुकै बखत योग्यताक्रमको सूचीबाट हटाई त्यस्तो उम्मेदवारलाई कार्यकारी समितिको निर्णयबमोजिम चिकित्सा शिक्षा आयोगबाट दुई शैक्षिक सत्रसम्म सञ्चालन हुने कुनै पनि तहको एकीकृत प्रवेश परीक्षामा सहभागी हुनबाट वञ्चित गर्न सकिनेछ ।

## ११. दरखास्त फाराम स्वीकृति

निर्देशनालयले अनलाइन माध्यमबाट प्राप्त दरखास्त फारामहरू रुजु गरी दरखास्त फाराम स्वीकृत वा अस्वीकृत गर्न सक्नेछ र सोको जानकारी सम्बन्धित उम्मेदवारलाई आयोगले निजको प्रोफाइल मार्फत प्रदान गर्नेछ ।

## परिच्छेद - ४

## प्रश्नपत्र निर्माण तथा छपाइसम्बन्धी व्यवस्था

१२. विज्ञसूची

(१) चिकित्सा शिक्षाका सबै विधा र तहका कार्यक्रमहरूको एकीकृत प्रवेश परीक्षा सञ्चालनका लागि आवश्यक पाठ्यक्रम, प्रश्नपत्र र उत्तरकुञ्जिका निर्माणमा संलग्न हुने विज्ञको मापदण्ड समितिले निर्धारण गरे बमोजिम हुनेछ ।

(२) विज्ञहरूको नामावली सूचीकृत गर्ने प्रयोजनका लागि निर्देशनालयले आवश्यकतानुसार आयोगको वेबसाइट मार्फत आवेदन आह्वान गर्नेछ ।

(२क) विज्ञसूचीमा सूचीकृत हुन इच्छुक विज्ञहरूले अनुसूची १६ वमोजिमको ढाँचामा आयोगमा निवेदन दिनुपर्नेछ ।

(३) निर्देशनालयले प्राप्त आवेदन र निर्धारित मापदण्डको आधारमा विज्ञहरूको सूची तयार एवम् अद्यावधिक गर्नेछ र यसरी सूचीकृत भएका विज्ञबाट आवश्यकतानुसार सेवा लिन सक्नेछ ।

(४) सूचीकृत विज्ञहरूले परीक्षा समितिद्वारा निर्धारित आचारसंहिता पालना गर्नुपर्नेछ ।

१३. प्रश्नपत्र निर्माण

(१) निर्देशनालयले विज्ञसूचीमध्येबाट सबै तह र कार्यक्रमको स्वीकृत पाठ्यक्रम एवम् पाठ्यभार अनुसार आवश्यक प्रश्नसङ्ख्याको बढीमा दश गुणासम्म कोरा प्रश्नहरू उत्तरकुञ्जिका सहित माग गर्न सक्नेछ ।

(२) निर्देशनालयले प्रश्नपत्र निर्माणमा संलग्न हुने विज्ञलाई सोसम्बन्धी अनुरोध पत्रका साथ निर्देशन, कबुलियतनामा र आचारसंहिता समेत संलग्न राखी पत्राचार गर्नुपर्नेछ ।

(३) विज्ञबाट तयार गरिएका कोरा प्रश्नपत्र निर्देशनालयमा बुझाउँदा वा खटिएका कर्मचारीलाई बुझाउँदा हार्डकपी, पासवर्ड प्रोटेक्टेड सफ्टकपी र कबुलियतनामा समेत सिलबन्दी लाहाछाप सहित कसैले कुनै किसिमबाट जानकारी नपाउने गरी बुझाउनुपर्नेछ ।

(४) निर्देशनालयले विज्ञबाट प्राप्त कोरा प्रश्नपत्र गोप्य र सुरक्षित ढङ्गले व्यवस्थित गरी राख्नुपर्नेछ।

१४. प्रश्नपत्र परिमार्जन (Moderation)

(१) निर्देशकले सम्बन्धित विषयका विज्ञ सम्मिलित चिकित्सा शिक्षा एकीकृत प्रवेश परीक्षा विषयगत उपसमिति गठन गरी प्रश्नपत्र परिमार्जनको कार्य गराउने छ ।

(२) निर्देशनालयले स्वीकृत आचारसंहिता र गोपनीयता पालनाको सुनिश्चितता हुनेगरी विज्ञहरूबाट प्राप्त प्रश्नपत्रको सिलबन्दी खाम र सफ्टकपिलाई विषयको कोडअनुसार छुट्याउनु पर्नेछ र यसरी विषयगतरूपमा छुट्याइएका प्रश्नपत्रका सिलबन्दी खामहरू समितिका अध्यक्ष/परिमार्जन समितिका संयोजक सहित दुई जना सदस्यको रोहबरमा गोप्य कक्षमा खोली विषय कोडअनुसार विषय र विषयवस्तुको पञ्जीकरण/अनुक्रमित (register/indexing) हुनेगरी कम्प्युटर टाइप गर्ने व्यवस्था मिलाउनु पर्नेछ ।

(३) विषयगत उपसमितिले सम्बन्धित विज्ञलाई आमन्त्रण गरी उपदफा (२) बमोजिम तयार गरिएका प्रश्नमध्येबाट पाठ्यक्रम अनुसार आवश्यक हुन आउने सङ्ख्याको दोब्बर सङ्ख्यामा प्रश्नहरू परिमार्जन गरी कम्प्युटर टाइप गर्न लगाउनु पर्नेछ ।

(४) विषयगत उपसमितिले उपदफा (३) बमोजिम तयार गरिएको प्रश्नबाट पाठ्यक्रम र विषयवस्तुको क्रमबद्धता अनुरूप हुनेगरी प्रत्येक विषयको कम्तीमा दुई समानान्तर सेट वस्तुगत प्रश्नहरूको परिमार्जित प्रति तयार गर्नुपर्नेछ ।

(५) विषयगत उपसमितिबाट प्रश्नपत्रको परिमार्जन कार्य सम्पन्न भएपछि पाठ्यक्रम र विषयवस्तुको क्रमबद्धताअनुसार भए नभएको सम्बन्धमा निर्देशकको प्रत्यक्ष निर्देशन र नियन्त्रणमा विषयगत उपसमितिले पुनः रुजु र आवश्यक परेमा संशोधन समेत गरी गराई प्रत्येक सेट प्रश्नपत्र फरक फरक खाममा सिलबन्दी गरी विषय कोड खुलाई दुवै सेटलाई एउटै खाममा पुनः सिलबन्दी गरी निर्देशकसमक्ष पेश गर्नुपर्नेछ ।

(६) तयार गरिएको प्रश्नपत्रमध्येबाट कार्यकारी समिति र परीक्षा समितिको संयुक्त बैठकमा उपस्थित पदाधिकारीहरूले गोलाप्रथाबाट एकसेट प्रश्नपत्र छनौट गर्नुपर्नेछ ।

(७) उपदफा (६) बमोजिम छनौट भएका सेटबाट विषयगत समूहभित्रमात्र आवश्यकतानुसार प्रश्न र उत्तर तल माथि पर्ने गरी प्रत्येक सेटभित्र प्रश्नको क्रमसङ्ख्या फरक पारी कम्तीमा दुई सेट हुनेगरी अन्तिम प्रश्नपत्र तयार गर्नुपर्नेछ । विशेष कारणवस कुनै परीक्षा केन्द्रमामात्र पुनः परीक्षा सञ्चालन गर्नुपर्ने भएमा उपदफा (४) बमोजिम प्रश्नपत्रको अतिरिक्त समानान्तर सेटलाई प्रयोग गर्न सकिने छ।

१५. प्रश्नपत्र छपाइ

(१) प्रश्नपत्र छपाइ वा फोटोकपी र प्याकेजिङ गराउँदा निर्देशकले तोकेका कर्मचारीबाट सम्पन्न गर्नुपर्नेछ । विशेष परिस्थितिमा बाहेक परीक्षा हुने अघिल्लो दिन सम्पन्न हुनेगरी आवश्यक सङ्ख्यामा प्रश्नपत्र छपाइ वा फोटोकपी गरी प्रत्येक परीक्षाकेन्द्रका लागि कक्षाकोठागत रूपमा छुट्टाछुट्टै प्याकेट बनाइ सिलबन्दी गर्ने र पुनः ती सिलबन्दी प्याकेटलाई परीक्षाकेन्द्रगत छुट्टाछुट्टै सुरक्षित बाकसमा राखी सिलबन्दी गरी परीक्षा सुरुहुनुभन्दा कम्तीमा एक घण्टा अगावै परीक्षा केन्द्रमा पुऱ्याउने व्यवस्था गर्नुपर्नेछ ।

(२) प्रश्नपत्र छपाइ तथा प्याकेजिङमा संलग्न कर्मचारीलाई छपाइ, प्याकेजिङ र सिलवन्दी गर्ने कार्य सम्पन्न नभएसम्म छपाइ केन्द्रबाट बाहिर जान नमिल्ने गरी व्यवस्था गर्नुपर्नेछ ।

(३) परीक्षाको प्रश्नपत्र अलग अलग सेट अनुसार नै छपाइ गर्नुपर्नेछ र प्रश्नपत्रमा पनि परीक्षार्थीको नाम र रोलनम्बर लेख्ने ठाउँ राख्नुपर्नेछ ।

(४) प्रश्नपत्र छपाइको क्रममा रहेका काम नलाग्ने कागजातहरू र यससँग सम्वन्धित अन्य कागजातहरू यथाशीघ्र नष्ट गर्ने व्यवस्था मिलाउनु पर्नेछ ।

## परिच्छेद - ५

# परीक्षा सञ्चालन तथा उत्तरपुस्तिका परीक्षण

१६. परीक्षा सञ्चालन

(१) चिकित्सा शिक्षा एकीकृत प्रवेश परीक्षाको लिखित परीक्षापूर्व निर्देशनालयले दरखास्त दिने परीक्षार्थीहरूको अन्तिम लगत तयार गर्ने र परीक्षार्थीहरूको सङ्ख्याको आधारमा आवश्यकतानुसार देहायका आधारमा परीक्षा केन्द्रहरू तोक्नु पर्नेछ ।

(क) परीक्षा सञ्चालन गर्नका लागि परीक्षा भवनको भौतिक अवस्था, यातायातको सुगम पहुँच र सर्वसाधारणको जानकारीमा रहेको स्थान लगायतका पक्षलाई विचार गरी निर्धारण गर्नुपर्नेछ ।

(ख) सबै परीक्षा भवन सिसिटिभि (Closed Circuit Television-CCTV) मार्फत निगरानी गर्न मिल्ने हुनुपर्नेछ ।

(ग) पर्याप्त कम्पाउण्ड र कम्पाउण्ड वाल भएको हुनुपर्नेछ ।

(२) निर्देशनालयले प्रवेश परीक्षा सञ्चालनका लागि परीक्षा केन्द्र निर्धारण गर्दा काठमाडौं उपत्यकाभित्र र आवश्यकताअनुसार काठमाडौं उपत्यका बाहिर पनि परीक्षाकेन्द्र निर्धारण गरी प्रवेश परीक्षा सञ्चालन गर्न सक्नेछ ।

(३) निर्देशनालयले परीक्षार्थी सङ्ख्याका आधारमा देहायबमोजिम पर्यवेक्षक, सुपरिवेक्षक, परीक्षा नियन्त्रक, परीक्षा व्यवस्थापक, बायोमेट्रिक्स व्यवस्थापक, केन्द्राध्यक्ष, उपकेन्द्राध्यक्ष, सहायक केन्द्राध्यक्ष, समन्वयकर्ता, आर्थिक समन्वयकर्ता, बायोमेट्रिक्स गर्ने समन्वयकर्ता, निरीक्षक, खानतलासी गर्ने व्यक्ति, सुरक्षाकर्मी, हलुका सवारी चालक र कार्यालय सहयोगीको व्यवस्था गर्नुपर्नेछ ।

(३क) परीक्षामा संलग्न पदाधिकारी तथा कर्मचारीहरूलाई अनुसूची ४ बमोजिमको परिचयपत्रको व्यवस्था गर्नुपर्नेछ ।

(३ख) परीक्षा सञ्चालनमा संलग्न कर्मचारीहरूको दस्तखत नमुना अनुसूची ११ बमोजिमको फाराममा तयार गर्नुपर्नेछ ।

(३ग) परीक्षा सञ्चालनमा संलग्न कर्मचारीहरूको हाजिरी अनुसूची १२ बमोजिमको फाराममा तयार गर्नुपर्नेछ ।

(३घ) परीक्षा सञ्चालन गर्ने कार्यमा खटिएका कर्मचारीहरूलाई तोकिए बमोजिमको पारिश्रमिक अनुसूची १३ बमोजिमको फाराममा भरपाई गराई बुझाउनु पर्नेछ ।

(३ङ) पर्यवेक्षकले परीक्षा केन्द्रको पर्यवेक्षण र अवलोकन गरी अनुसूची १७ बमोजिमको ढाँचामा प्रतिवेदन पेश गर्नुपर्नेछ ।

(४) परीक्षार्थीलाई भौतिकरूपमा वा अनलाइनमार्फत् उपलब्ध गराउने प्रवेशपत्रमा स्वीकृत गर्ने अधिकारीको दस्तखत, दर्जा र आयोगको छाप अनिवार्यरूपमा हुनुपर्नेछ ।

(४क) प्रवेश पत्रमा हस्ताक्षर निर्देशकको हुनेछ र निर्देशक नभएको अवस्थामा एकीकृत प्रवेश परीक्षा समितिको सदस्य-सचिवले गर्नेछ ।

(५) चिकित्सा शिक्षा एकीकृत प्रवेश परीक्षा ओएमआर(OMR) प्रविधिमा आधारित लिखित परीक्षा वा कम्प्युटर प्रणालीमा आधारित (computer based) मध्ये कुनै एक हुनेछ ।

(६) परीक्षा सुरु भएको १५ मिनेटपछि आउने परीक्षार्थीलाई परीक्षा हलमा प्रवेश गराइने छैन र परीक्षा अवधि समाप्त नभएसम्म परीक्षार्थीलाई परीक्षा हलबाट बाहिर जान दिइने छैन । परीक्षा समाप्त भएपछि परीक्षार्थीले उत्तरपुस्तिका र प्रश्नपत्र दुवै संलग्न राखी फिर्ता गर्नुपर्नेछ अन्यथा निजको परीक्षा रद्द गरी प्रचलित कानून बमोजिम कारबाही गरिनेछ।

(७) आवश्यकतानुसार परीक्षार्थीको बायोमेट्रिक्स (biometrics) लिने व्यवस्था गर्न सकिनेछ र त्यसैलाई आधार मानेर भर्नाको समयमा रुजु गर्न सकिनेछ । साथै आयोगले जुनसुकै बखत बायोमेट्रिक्सको आधारमा विद्यार्थीको पहिचान गर्न सक्नेछ ।

(८) परीक्षा केन्द्रमा प्रश्नपत्रको प्याकेट राखिएको सिलबन्दी बाकस बुझाउन, प्रयोग नभएका प्रश्नपत्र र उत्तरपुस्तिका सिलबन्दी गर्न, परीक्षा सम्पन्न भएपछि प्रश्नपत्र र उत्तरपुस्तिका सिलबन्दी गर्दा रोहबरमा बस्न र केन्द्राध्यक्षबाट उत्तरपुस्तिका बुझी आयोगमा बुझाउने लगायत अन्य सहजीकरणका कामका लागि आयोगबाट प्रत्येक परीक्षा केन्द्रमा समन्वयकर्ता खटाउनुपर्नेछ ।

१७. परीक्षा सञ्चालनमा संलग्न कर्मचारीहरूको छनौट तथा काम, कर्तव्य र अधिकार

(१) केन्द्राध्यक्ष छनौटका आधार प्रवेश परीक्षा सञ्चालनका लागि केन्द्राध्यक्ष छनौटका आधारहरू देहायबमोजिम हुने छन् :

(क) परीक्षाकेन्द्र रहेको शिक्षण संस्थाको प्रधानाध्यापक/प्रिन्सिपल/क्याम्पस प्रमुख,

(ख) परीक्षाकेन्द्र रहेको शिक्षण संस्थाको सहायक प्रधानाध्यापक/भाइस प्रिन्सिपल/सहायक क्याम्पस प्रमुख,

(ग) चिकित्सा शिक्षा आयोगले तोकेका व्यक्तिहरू ।

(२) केन्द्राध्यक्षको काम, कर्तव्य र अधिकार

(क) आफूलाई तोकिएको परीक्षा केन्द्रमा शान्तिपूर्ण वातावरणमा मर्यादित ढङ्गबाट परीक्षा कार्यक्रम अनुसार परीक्षा सञ्चालन गर्ने,

(ख) निरीक्षकहरूलाई प्रवेश परीक्षासम्बन्धी अभिमुखीकरण गर्ने,

(ग) निर्देशनालयबाट उपलब्ध गराइएको सिटप्लान अनुसार परीक्षार्थीहरूको बसाइ व्यवस्था मिलाउनु पर्ने ।यस सन्दर्भमा परीक्षा हलभित्र टाँस गरिने सिटप्लानको कार्य परीक्षा हुने अघिल्लो दिन र परीक्षार्थीको जानकारीका लागि परीक्षाहल बाहिर सार्वजनिक गरिने सिटप्लानको सूचना परीक्षा सुरुहुनुभन्दा बढीमा तीनघण्टा अगाडि टाँस गर्ने व्यवस्था मिलाउनु पर्ने,

(घ) आफूलाई तोकिएको परीक्षा केन्द्रमा परीक्षा सुरुहुनुभन्दा कम्तीमा तीन घण्टा अगाडि पुग्नु पर्ने,

(ङ) परीक्षा सुरु हुनुभन्दा ३० मिनेट अगाडि सुपरिवेक्षक/समन्वयकर्ताबाट प्राप्त सिलबन्दी गरिएको प्रश्नपत्र र उत्तरपुस्तिकाको प्याकेट राखिएको बाकस सुपरिवेक्षक/समन्वयकर्ता, सुरक्षाकर्मी, उपकेन्द्राध्यक्ष/सहायक केन्द्राध्यक्ष र निरीक्षक समेत गरी कम्तीमा पाँच जनाको रोहबरमा अनुसूची ५ बमोजिमको फाराम भरी खोल्नुपर्ने,

(च) प्रश्नपत्र र उत्तरपुस्तिकाको सिलबन्दी प्याकेट तोकिएको विवरणअनुसार भए नभएको समन्वयकर्ताको रोहबरमा रुजु गर्ने,

(छ) आयोग र सुरक्षाकर्मीको समन्वयमा परीक्षा केन्द्रको सुरक्षा तथा कर्मचारी व्यवस्था मिलाउने,

(ज) परीक्षा भवनमा प्रवेश गर्नु अगाडि परीक्षार्थीको खानतलासी तथा प्रवेशपत्र जाँच गर्ने व्यवस्था गर्ने,

(झ) परीक्षा केन्द्रको हाताभित्र परीक्षार्थी, परीक्षा सञ्चालनमा संलग्न कर्मचारी वाहेक अरूलाई प्रवेश गर्न नदिने व्यवस्था गर्ने,

(ञ) परीक्षा हल तथा केन्द्रमा होहल्ला गर्ने, नक्कल गर्ने गराउने जस्ता परीक्षाको मर्यादा विपरित र अनुचित कार्य गर्ने परीक्षार्थीलाई तत्काल कारवाही तथा निष्कासन सम्म गर्ने,

(ट) परीक्षा निर्देशनालयको समन्वयमा परीक्षार्थी सङ्ख्या तथा परीक्षा कोठाअनुसार सहायक केन्द्राध्यक्ष तथा निरीक्षकहरू नियुक्ति गर्ने,

(ठ) परीक्षा सुरु हुनुभन्दा ३० मिनेट अगाडिमात्र परीक्षा कोठामा परीक्षार्थीहरूलाई प्रवेश अनुमति दिने र परीक्षा सुरु भएको १५ मिनेटभित्र आउने परीक्षार्थीहरूलाई प्रवेश परीक्षामा सामेल गराउने व्यवस्था गर्ने,

(ड) निरीक्षकलाई प्रश्नपत्र र उत्तरपुस्तिकाको गोपनीयता कायम राख्न निर्देशन दिने,

(ढ) उत्तरपुस्तिकाको खाम, सिलबन्दी गरिएको प्रश्नपत्र तथा जेलपेन सम्बन्धित निरीक्षकलाई परीक्षा सुरु हुनुभन्दा कम्तीमा २० मिनेट अगाडि उपलब्ध गराउने र प्रश्नपत्र परीक्षा सुरु हुनुभन्दा ठीक ५ मिनेट अगाडिमात्र खोल्न निर्देशन दिने,

(ढ१) परीक्षा सुरु भएपश्चात् अनुसूची ६ बमोजिमको मुचुल्का तयार गर्ने,

(ण) निरीक्षकलाई परीक्षा सञ्चालनसम्बन्धी आवश्यक निर्देशन दिने । परीक्षा अवधिभर अनुशासित र मर्यादित तवरले परीक्षा सञ्चालन भइरहेको छ छैन भनी निरीक्षण गर्ने,

(त) परीक्षार्थीले प्रवेश परीक्षा अवधिभरमा परीक्षा सुरु भएको एक घण्टा पछि एक पटकमात्र अनुसूची ८ बमोजिमको फाराममा परीक्षा कोठाबाट बाहिर गएको र फर्केको समय उल्लेख गरी शौचालय जान पाउने व्यवस्था गर्ने,

(थ) प्रवेश पत्रमा रहेको परीक्षार्थीको विवरण उपलब्ध हाजिरी फाराममा ठीक भए नभएको यकिन गर्न लगाउने,

(द) प्रश्नपत्र वितरण गरिसकेपछि प्रश्नपत्रमा छपाइ त्रुटि भएको पाइएमा आयोगबाट लगेको अतिरिक्त प्रश्नपत्र दिई वितरित प्रश्नपत्र फिर्ता लिने व्यवस्था मिलाउने,

(ध) प्रश्नपत्र र उत्तरपुस्तिकामा भरेको बबल एउटै सेटको छ कि छैन चेक गर्न निरीक्षकलाई निर्देशन दिने,

(न) परीक्षा सुरुभएको ३० मिनेट पुग्ने बित्तिकै जगेडा हुन आएका सम्पूर्ण प्रश्नपत्रहरू र उत्तरपुस्तिका मुचुल्का गरी समन्वयकर्तालाई जिम्मा लगाउने,

(प) परीक्षा समाप्त भएपछि परीक्षार्थीहरूको सक्कल हाजिरी, प्रश्नपत्र र उत्तरपुस्तिका सङ्कलन र गन्ती गरी छुट्टाछुट्टै प्याकिङ गर्न लगाई सुपरिवेक्षक/समन्वयकर्ता, सुरक्षाकर्मी र कम्तीमा दुई जना निरीक्षकको रोहबरमा बाकसमा राखी सिलबन्दी गरी अनुसूची १० र

अनुसूची १४ बमोजिमको फाराम भरी सुपरिवेक्षक/समन्वयकर्ताको जिम्मा लगाई आयोगको परीक्षा निर्देशनालयमा पठाउने,

(फ) परीक्षा केन्द्रमा परीक्षार्थीको हाजिरीको विवरण आयोगले तयार गरेको अनलाइन प्रणालीमा प्रविष्ट गर्ने,

(ब) परीक्षा सुरुभएदेखि अन्तसम्म त्यस परीक्षा केन्द्रमा भएको परीक्षाको गतिविधिबारे आयोगको परीक्षा निर्देशनालयमा टेलिफोनमार्फत् जानकारी गराउने र परीक्षा समाप्त भएपछि अनुसूची ९ बमोजिमको परीक्षा सञ्चालन प्रतिवेदन फाराम भरी सुपरिवेक्षक/समन्वयकर्तामार्फत आयोगको परीक्षा निर्देशनालयमा पठाउने ।

(३) उपकेन्द्राध्यक्ष/सहायक केन्द्राध्यक्ष छनौटका आधार

प्रवेश परीक्षा सञ्चालनका लागि उपकेन्द्राध्यक्ष/सहायक केन्द्राध्यक्ष छनौटका आधारहरू देहायानुसार हुनेछन् :

(क) परीक्षा केन्द्र रहेको शिक्षण संस्थाको सहायक प्रधानाध्यापक/भाइस प्रिन्सिपल/सहायक क्याम्पस प्रमुख/शिक्षक/अधिकृत कर्मचारी

(ख) चिकित्सा शिक्षा आयोगले तोकेका व्यक्तिहरू

(४) उपकेन्द्राध्यक्ष/सहायक केन्द्राध्यक्षको काम, कर्तव्य र अधिकार

(क) केन्द्राध्यक्षले तोकेको समयमा सम्बन्धित परीक्षा केन्द्रमा पुग्ने,

(ख) प्रत्येक परीक्षाहलभित्र चिकित्सा शिक्षा आयोगबाट उपलब्ध गराइएको सिटप्लान अनुसार परीक्षार्थीको बसाइ व्यवस्था मिलाउने र सोअनुसारको सिटप्लान विवरण परीक्षार्थीको जानकारीका लागि परीक्षाहल बाहिर टाँस्ने व्यवस्था गर्ने,

(ग) परीक्षाकेन्द्रमा खटिएका कर्मचारीको हाजिरी उठाउने,

(घ) परीक्षार्थीहरूको हाजिरी फाराम निरीक्षकलाई जिम्मा दिने,

(ङ) परीक्षा सम्पन्न भएपश्चात् प्रयोगमा नआएका उत्तरपुस्तिका र प्रश्नपत्र सम्बन्धित निरीक्षकबाट बुझी प्याकिङ गर्न सहयोग गर्ने,

(च) निरीक्षक लगायत परीक्षामा खटिएका जनशक्तिले तोकिएको जिम्मेवारी पूरा गरेको सुनिश्चित गर्ने,

(छ) केन्द्राध्यक्षले तोकेका अन्य कार्यहरू गर्ने ।

(५) निरीक्षक छनौटका आधार

प्रवेश परीक्षा सञ्चालनका लागि निरीक्षक छनौटका आधारहरू निम्नअनुसार रहने छन् :

(क) शिक्षणसंस्थामा कार्यरत र सम्भव भएसम्म परीक्षा सञ्चालनमा अनुभव-प्राप्त तर विषयसँग असम्बन्धित शिक्षक,

(ख) चिकित्सा शिक्षा आयोगले तोकेका व्यक्तिहरू ।

(६) निरीक्षकको काम, कर्तव्य र अधिकार

(क) केन्द्राध्यक्षले तोकेको समयमा सम्बन्धित परीक्षा केन्द्रमा पुग्ने,

(ख) केन्द्राध्यक्षले सञ्चालन गर्ने अभिमुखीकरण कार्यक्रममा अनिवार्यरुपमा सहभागी हुने,

(ग) केन्द्राध्यक्षको निर्देशन अनुसार परीक्षार्थीको सिटप्लान गरी गोपनीयता कायम गर्न सहयोग गर्ने,

(घ) केन्द्राध्यक्षले तोकिदिएको कोठामा परीक्षा सुरु हुनुभन्दा ३० मिनेट पहिला पुग्ने,

(ङ) सिटप्लान अनुसार परीक्षार्थीलाई परीक्षा हलमा बस्ने व्यवस्था मिलाउने,

(च) आफ्नो परीक्षा हलका लागि प्राप्त उत्तरपुस्तिका (ओएमआर) को सिलबन्दी प्याकेट परीक्षा सुरु हुनुभन्दा १५ मिनेट अगाडि खोली गणना गरी परीक्षार्थीलाई वितरण गर्ने,

(च१) परीक्षा सुरु हुनुभन्दा पाँच मिनेट अगाडिमात्र प्रश्नपत्रको सिलबन्दी प्याकेट खोली सिट प्लानको सङ्ख्या अनुसार प्रश्नपत्र यथावतरुपमा सङ्ख्यामात्र गणना गर्ने,

(च२) परीक्षार्थीहरूले रोलनम्बरको बबल भरेको यकीन गरेपछि मात्र प्रश्नपत्र वितरण गर्ने,

(छ) परीक्षा सुरु हुने घण्टी बज्नासाथ प्रश्नपत्र यथावतरूपमा एकै बेञ्चमा रहेका परीक्षार्थीलाई फरक फरक सेटको प्रश्नपत्र क्रमशः वितरण गर्ने र प्रश्नपत्र वितरण गर्नासाथ प्रश्नपत्रको सेट हेरी उत्तरपुस्तिकामा प्रश्नपत्र सेटको बबल भर्न लगाउने,

(ज) परीक्षाको गोपनीयतालाई हरहमेसा कायम राख्ने,

(झ) परीक्षार्थीले पालना गर्नुपर्ने आचारसंहिता र नियमको जानकारी गराउने,

(ञ) परीक्षार्थीलाई प्रवेशपत्रमा लेखिए अनुसारको नाम र रोलनम्बर आफ्नो उत्तरपुस्तिकामा लेख्न लगाउने । रोलनम्बर र प्रश्नपत्रको सेट अक्षर र बबल दुवैमा भरेको सुनिश्चित गर्नुपर्ने,

(ट) परीक्षा सुरु भएको १५ मिनेट बितेपछि आउने परीक्षार्थीलाई परीक्षा हलभित्र प्रवेश गर्न नदिने,

(ठ) परीक्षार्थीलाई तोकिएको हाजिरी फाराममा प्रवेशपत्र हेरी अनुसूची ७ बमोजिमको फाराममा हाजिरी गराउने,

(ड) परीक्षार्थीलाई उत्तरपुस्तिकाको तोकिएको महलमा अनिवार्य दस्तखत गर्न लगाउने,

(ढ) परीक्षार्थीको प्रवेशपत्र रुजु गर्ने,

(ण) परीक्षार्थी अनुपस्थित भई बाँकी रहेका सम्पूर्ण प्रश्नपत्र र उत्तरपुस्तिका ३० मिनेट भित्र केन्द्राध्यक्ष/समन्वयकर्ता वा तोकिएको व्यक्तिलाई बुझाई मुचुल्का गराउने,

(त) परीक्षार्थीलाई आयोगबाट उपलब्ध गराइएको कालो जेलपेन वितरण गर्ने र सोही पेनलेमात्र परीक्षा दिन लगाउने,

(थ) परीक्षा सुरु भएदेखि परीक्षाको निर्धारित समय समाप्त नभएसम्म कुनै पनि परीक्षार्थीलाई परीक्षाहलबाट बाहिर जान नदिने,

(द) परीक्षामा मर्यादा विपरित कार्य गर्ने परीक्षार्थीलाई कारबाही गर्न तत्काल केन्द्राध्यक्ष समक्ष सिफारिस गर्ने,

(ध) परीक्षा समाप्त भएपछि तत्कालै परीक्षार्थीबाट लिइएको प्रश्नपत्र र उत्तरपुस्तिका दुवै छुट्टाछुट्टै गन्ती गरी केन्द्राध्यक्षलाई बुझाउने,

(न) हाजिरी पानामा परीक्षार्थीको नाम, रोलनम्बर आदि जस्ता विवरणको हिज्जे (spelling) गल्ती छापिएको भए अनिवार्यरूपले सच्याउन लगाउने, उत्तरपुस्तिकामा रोलनम्बर लेखे नलेखेको रुजु गरी नलेखेको भएमा लेख्न लगाउने, हाजिरी पानामा उत्तरपुस्तिका नम्बर अनिवार्य लेख्न लगाउने, उत्तरपुस्तिकामा कुनै पनि साङ्केतिक कुराहरू लेख्न नहुने कुरा जानकारी गराउने,

(प) प्रत्येक परीक्षार्थीको प्रवेश पत्रको फोटो र निजको अनुहार मिले नमिलेको हेर्ने र शङ्कास्पद भेटिए समन्वयकर्ता वा केन्द्राध्यक्षलाई तुरुन्त जानकारी दिने,

(फ) परीक्षाको समय अगाडि नै कुनै परीक्षार्थीले परीक्षा सके वा छाड्न चाहेमा पनि परीक्षा समय सकिए पछिमात्र प्रश्नपत्र र उत्तरपुस्तिका बुझाएर परीक्षा हलबाट बाहिर जान दिने,

(ब) परीक्षार्थीहरूले मोबाइल, क्याल्कुलेटर, पेजर, ब्लुटुथ, आइप्याड, ट्याबलेट, पिसि लगायत कुनै पनि प्रकारको विद्युतीय उपकरणका साथै वालेट/पर्स, गरगहना, घडी, कलम आदि जस्ता वस्तु परीक्षा कोठामा लैजान र प्रयोग गर्न नपाइने ब्यहोरा परीक्षार्थीलाई जानकारी गराई सोको पालना गराउने,

(भ) …………

(म) परीक्षार्थीले आफ्नो प्रवेशपत्रमा परीक्षा अघि वा परीक्षाको समयमा कुनै कुरा लेख्न नहुने कुरा सचेत गराउने,

(य) केन्द्राध्यक्षले तोकिदिए बमोजिमका अन्य कार्यहरू गर्ने,

(७) समन्वयकर्ताको काम, कर्तव्य र अधिकार

(क) आफूलाई खटाइएको परीक्षा केन्द्रमा चिकित्सा शिक्षा आयोगवाट उपलब्ध गराएको सिलबन्दी बाकस/प्याकेट जिम्मा लिई परीक्षा सुरु हुनुभन्दा न्यूनतम आधा घण्टा अगाडि सुरक्षित तवरले केन्द्राध्यक्षलाई बुझाउने,

(ख) प्रश्नपत्र र उत्तरपुस्तिका परीक्षा कोठाअनुसार तोकिएका निरीक्षकलाई रुजु गरी वितरण गर्न र परीक्षा समाप्त भएपछि बुझिलिने कार्यमा केन्द्राध्यक्षलाई सहयोग गर्ने,

(ग) परीक्षार्थीलाई निरीक्षकमार्फत प्रश्नपत्रको पेज गन्तीसम्बन्धी व्यवस्था गर्न लगाउने, प्रश्नपत्रको कुनै पाना रिक्त वा कुनै पेज नभएको पाइएमा चिकित्सा शिक्षा अयोगवाट लगिएको अतिरिक्त (एक्स्ट्रा) प्रश्नपत्र दिई वितरित प्रश्नपत्र तथा उत्तरपुस्तिका फिर्ता लिन केन्द्राध्यक्षलाई सहयोग गर्ने,

(घ) परीक्षाको मर्यादा विपरितको कार्य गर्नेलाई तत्काल कारवाही गर्न केन्द्राध्यक्षलाई सहयोग गर्ने,

(ङ) परीक्षा सुरु भएको १५ मिनेट पुग्ने वित्तिकै जगेडा हुन आएका सम्पूर्ण प्रश्नपत्र र उत्तरपुस्तिका सङ्कलन गरी सिलबन्दी गर्ने कार्यमा केन्द्राध्यक्षलाई सहयोग गर्ने,

(च) परीक्षार्थीको अनुहार र प्रवेशपत्रको फोटो मिले नमिलेको हेर्ने तथा शङ्कास्पद देखिएमा चिकित्सा शिक्षा आयोगबाट उपलब्ध गराइएको प्रवेशपत्रको रङ्गिनप्रतिसँग दाँजेर हेर्ने र शङ्कास्पद देखिएमा कारबाहीका लागि केन्द्राध्यक्षलाई सिफारिस गर्ने,

(छ) चिकित्सा शिक्षा आयोगबाट उपलब्ध गराइएको सिटप्लान अनुसार परीक्षार्थी बसे/नबसेको निरीक्षण गर्ने, परीक्षार्थीको हाजिरी भए नभएको रुजु गर्ने,

(ज) परीक्षा सम्पन्न भएपछि परीक्षार्थीबाट प्रश्नपत्र र उत्तरपुस्तिका सङ्कलन गर्ने कार्यमा सहजीकरण गर्ने । सङ्कलित प्रश्नपत्र र उत्तरपुस्तिका अविलम्व कोठागतरूपमा छुट्टाछुट्टै प्याकिङ गरी बाकसमा राखी अनुसूची १० बमोजिम सिलबन्दी गर्न लगाई अनुसूची १४ वमोजिमको सामग्री बुझिलिएको मुचुल्का गरी केन्द्राध्यक्षबाट बुझी अनुसूची

१५ बमोजिमको फाराम भरी चिकित्सा शिक्षा आयोगको परीक्षा निर्देशनालयमा सुरक्षित तवरले बुझाउने,

(झ) चिकित्सा शिक्षा अयोगवाट तोकेवमोजिमका अन्य कार्यहरू गर्ने ।

(८) सुपरिवेक्षकको काम, कर्तव्य र अधिकार

(क) आफूलाई खटाइएको परीक्षा केन्द्रमा आयोगवाट उपलब्ध गराइने सिलवन्दी वाकस/प्याकेट आफैं बुझिलिई वा समन्वयकर्तालाई बुझ्न लगाई परीक्षा सुरु हुनु भन्दा न्यूनतम आधा घण्टा अगाडि अनुसूची ३ बमोजिमको फाराम भरी केन्द्राध्यक्षलाई सुरक्षित तवरले बुझाउने

(ख) ओएमआर सिटमा उम्मेदवारले रोलनम्बरको बवल र प्रश्नपत्रको सेट बबल गरे नगरेको यकीन गरी नगरेको भएमा बबल गर्न लगाउने,

(ग) उम्मेदवारको प्रवेश पत्र, ओएमआर नम्बर, फोटो र हाजिरी रूजू गर्ने गराउने,

(घ) परीक्षा समाप्त भएपछि केन्द्राध्यक्षबाट सिलबन्दी वाकस आफै बुझिलिने वा समन्वयकर्तालाई बुझ्न लगाई आयोगमा बुझाउने,

(ङ) परीक्षार्थीको बायोमेट्रिक्स लिने कार्यको अनुगमन गर्ने,

(च) आफूलाई खटाइएको परीक्षा केन्द्रको परीक्षा सञ्चालन तथा व्यवस्थापनसम्बन्धी अनुसूची १८ बमोजिमको प्रतिवेदन तयार गरी आयोगमा बुझाउने ।

(९) आर्थिक समन्वयकर्ताको काम, कर्तव्य र अधिकार

(क) आयोगको आर्थिक प्रशासन शाखाबाट आफूलाई तोकिएको परीक्षा केन्द्रको परीक्षा सञ्चालन खर्च वापतको रकम बुझिलिई सम्बन्धित केन्द्राध्यक्ष वा निजले तोकेको व्यक्तिलाई उपलब्ध गराउने,

(ख) सम्बन्धित परीक्षा केन्द्रबाट परीक्षा सञ्चालनमा भएको खर्च रकमको कागजात, विल भर्पाई बुझिलिई स्वीकृत नर्म्स बमोजिम खर्च भए नभएको रुजु गरी पेश्की फछ्यौंटका लागि आयोगको आर्थिक प्रशासन शाखामा पेश गर्ने,

(ग) आफूलाई जिम्मेवारी दिइएको परीक्षा केन्द्रमा परीक्षा सञ्चालन गर्न केन्द्राध्यक्षलाई सहयोग गर्ने,

(घ) चिकित्सा शिक्षा आयोगबाट तोकिएबमोजिमका अन्य कार्यहरू गर्ने ।

## १८. उत्तरकुञ्जिका तयारी

परीक्षा सम्पन्न भै उत्तरपुस्तिका परीक्षण सुरुगर्नु पूर्व निर्देशकले तोकेका विज्ञहरूद्वारा उत्तरकुञ्जिका तयार गरी गोप्य रूपमा सुरक्षित राख्नुपर्नेछ ।

## १९. उत्तरपुस्तिका परीक्षण तथा सम्परीक्षण

(१) उत्तरपुस्तिका परीक्षण पूर्व नै उत्तरपुस्तिका परीक्षणसँग सम्बन्धित तात्कालिक विषयमा निर्णय गरेपछि मात्रै प्रश्नपत्र परीक्षण कार्य सुरु गर्ने । जस्तै :- प्रश्नपत्रको स्टेम (stem) वा विकल्प (option) मा त्रुटि, उत्तरपुस्तिका रद्द ।

(१क) उत्तरपुस्तिका परीक्षण गर्नु अगाडि उत्तरपुस्तिका कोडिङ गर्नु पर्नेछ ।

(२) उत्तरपुस्तिका परीक्षण आधुनिक कम्प्यूटर प्रविधि ओएमआर (OMR) बाट गर्नुपर्नेछ र यो प्रविधिबाट परीक्षण गर्दा बारकोड अनुसार प्रोसेसिङ गर्नुपर्नेछ ।

(३) स्क्यानबाट तयार गरिएको नतिजामा उत्तरका विकल्पहरू A, B, C, D, बबल नलगाएका रिक्त कोठा, दोहोरो बबल लगाएका उत्तरहरू आदि उत्तरपुस्तिका अनुसार स्क्यान छ छैन रेण्डम स्याम्प्लिङ (random sampling) का आधारमा रुजु र अन्तिम रुजु गर्नुपर्नेछ ।

(४) उत्तरपुस्तिका रुजु कार्य सकेपछि निर्देशकले नतिजा तयार गरी कम्प्युटरमा प्रविष्ट गर्न लगाउनु पर्नेछ ।

(५) कोडमा तयार गरिएको नतिजालाई स्याम्प्लिङको रूपमा म्यानुअल रुजु गर्नुपर्नेछ ।

(६) कोडमा नतिजाको खाका अन्तिम भएपछिमात्र विद्यार्थीको विवरण भएको भागको स्क्यान कपीसँग भिडाई डिकोड गरिनेछ । डिकोड कार्य सुरु भएपश्चात् नतिजा प्रकाशित नभएसम्म सो कार्यमा संलग्न कोही पनि व्यक्ति सो परिसरबाट बाहिर जान पाउने छैनन् ।

(७) माथि जुनसुकै कुरा लेखिएको भएता पनि ऐन र नियमसँग नबाझिने गरी भैपरी आउने समयमा परीक्षा निर्देशनालयले आवश्यकतानुसार निर्णय गर्न सक्नेछ ।

## परिच्छेद - ६

# नतिजा तथा योग्यताक्रमको सूची प्रकाशन

२०. नतिजा तथा योग्यताक्रम सूचीको तयारी र प्रकाशन

(१) निर्देशनालयले एकीकृत प्रवेश परीक्षाबाट उत्तीर्ण उम्मेदवारहरूको योग्यताक्रमको सूची नियमावलीको नियम १३ बमोजिम तयार गरी कार्यकारी समितिको समन्वयमा प्रकाशन गर्नेछ। यसरी नतिजा तयार गर्दा स्नातकभन्दा माथिको तहका लागि लिएको एकीकृत प्रवेश परीक्षाको प्राप्ताङ्कमा उत्तीर्ण हुन तोकिएको न्यूनतम अङ्क प्राप्त गरेका परीक्षार्थीको नियमावलीको नियम १६, अनुसूची - ५ बमोजिम कार्यअनुभव र दुर्गम क्षेत्रमा सेवा गरेवापतको अङ्कसमेत जोडी योग्यताक्रमको सूची तयार गर्नुपर्नेछ ।

(२) उत्तरपुस्तिका परीक्षणपश्चात् समितिले आवश्यक प्रक्रिया निर्धारण गरी नतिजा तयार गर्नुपर्नेछ। यसरी तयार पारिएको नतिजा आयोगको वेबसाइट र उम्मेदवारको प्रोफाइलमा व्यक्तिगत नतिजा देखिने गरी निर्देशनालयले प्रकाशन गर्नुपर्नेछ ।

(३) परीक्षार्थीले उत्तरपुस्तिकामा रोलनम्बर र प्रश्नपत्रको सेट बबलमा उल्लेख नगरेमा उक्त उत्तरपुस्तिका परीक्षण नगरी रद्द गरिनेछ ।

(४) स्नातक भन्दा माथिल्लो तहको प्रवेश परीक्षामा कम्तीमा ५० औं पर्सेन्टाइल प्राप्ताङ्क हासिल गरेका सरकारी चिकित्सकले मात्र नियमावलीको नियम १६ बमोजिमको अङ्क प्राप्त गर्न सक्नेछन् । पर्सेन्टाइल निर्धारण गर्ने प्रक्रिया अनुसूची - १ मा राखिएको छ ।

(५) वैदेशिक अध्ययन अनुमति पत्र (एलिजिबिलिटी) उपलब्ध गराउने प्रयोजनका लागि यसै प्रवेश परीक्षाको उत्तीर्णाङ्कलाई आधार मानिनेछ ।

(६) एनबिएमएस स्पेसियालिटी (NBMS-S) र एनबिएमएस सबस्पेसियालिटी (NBMS-SS) कार्यक्रमको योग्यताक्रमको प्रयोजनका लागि पनि यसै प्रवेश परीक्षा बमोजिमको योग्यताक्रम लागू हुनेछ ।

२१. पुनर्योग

(१) समितिबाट प्रकाशित योग्यताक्रम सूचीउपर चित्त नबुझी पुनर्योग गर्न चाहने उम्मेदवारले योग्यताक्रमको सूची प्रकाशित भएको मितिले तीन दिनभित्र अनसूची - २ बमोजिमको ढाँचामा समितिले तोकेको बैङ्क खातामा आयोगले निर्धारण गरेको शुल्क बुझाएको सक्कल बैङ्क भौचर वा अनलाइन रकम जम्मा गरेको प्रमाण संलग्न गरी परीक्षा निर्देशनालयमा निवेदन दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम पुनर्योगका लागि निवेदन पर्न आएमा निर्देशकले समितिको कुनै एक सदस्यको संयोजकत्वमा तीन सदस्यीय पुनर्योग उपसमिति गठन गरी पुनर्योगसम्बन्धी कार्य गर्नेछ ।

(३) पुनर्योग उपसमितिले पुनर्योगका लागि निवेदन दिने मिति समाप्त भएको तीन दिनभित्रमा पुनर्योग सम्बन्धी कार्य सम्पन्न गरी सोको प्रतिवेदन निर्देशक/निर्देशक नभएको अवस्थामा उपाध्यक्ष समक्ष पेश गर्नुपर्नेछ ।

(४) पुनर्योग गर्दा निवेदकको योग्यताक्रम सूचीमा हेरफेर हुने देखिएमा निर्देशनालयले प्रतिवेदन प्राप्त भएको मितिले तीन दिनभित्रमा संशोधित योग्यताक्रम सूची प्रकाशन गर्नुपर्नेछ र पुनर्योग गर्दा कुनै फरक नभएमा पनि सो व्यहोराको सूचना आयोगको सूचना पाटी र वेबसाइटमार्फत् परीक्षार्थीहरूलाई जानकारी गराउनु पर्नेछ ।

(५) उत्तरपुस्तिका परीक्षण गर्दा ओएमआर (OMR) प्रविधिको प्रयोग गरिने तथा उत्तरपुस्तिका परीक्षणको प्रक्रियामा सम्बन्धित उत्तरपुस्तिकामा परीक्षार्थीको नाम र रोलनम्बर जस्ता व्यक्तिगत विवरणहरू उल्लेख नभै कोडमात्र उल्लेख हुने भएका कारण परीक्षार्थीलाई उत्तरपुस्तिका देखाउनुको कुनै औचित्य नरहने भएकाले सोसम्बन्धी प्रावधान राखिने छैन ।

२२. विदेशी विद्यार्थीको योग्यताक्रमसम्बन्धी व्यवस्था

(१) विदेशी उम्मेदवारका लागि छुट्याइएको सिटमा भर्ना हुन चाहने सम्पूर्ण विदेशी उम्मेदवारले आयोगबाट प्रकाशित सूचनाबमोजिम प्रवेश परीक्षाको अनलाइन आवेदन फाराम अनिवार्यरूपले भरेको हुनुपर्नेछ ।

(२) विदेशी उम्मेदवारका लागि छुट्याइएको सिटमा भर्नाका लागि पहिलो प्राथमिकता आयोगबाट सञ्चालित प्रवेश परीक्षामा सहभागी (Foreign sub-category I) भई सो परीक्षाको नतिजाको विदेशी समूह (category) को योग्यताक्रम अनुसार हुनेछ ।

(३) उपदफा (२) बमोजिमको विदेशी समूहका विद्यार्थी भर्ना पश्चात् सिट रिक्त हुन आएमा दोस्रो प्राथमिकता (Foreign sub-category II) मा रहन मञ्जुर गरी अनलाइन आवेदन फाराम भरी प्रवेश परीक्षामा सहभागी नहुने तर सम्बन्धित राष्ट्रको राष्ट्रियस्तरको पछिल्लो (latest) एकीकृत प्रवेश परीक्षाको प्राप्ताङ्कको आधारमा भर्ना हुनका लागि उपदफा (१) बमोजिम निर्धारित समयभित्र आवेदन पेश गरेका योग्य परीक्षार्थीहरूको योग्यताक्रम अनुसार म्याचिङ गर्नुपर्नेछ ।

(४) उपदफा (३) बमोजिम योग्यताक्रम निर्धारण गर्ने प्रयोजनका लागि विदेशी उम्मेदवारले सम्बन्धित राष्ट्रको प्रवेश परीक्षामा न्यूनतम ५० औं पर्सेन्टाइल सरहको अङ्क प्राप्त गरेको हुनुपर्छ । यदि उक्त प्रवेश परीक्षाको नतिजा प्रतिशतमा रहेछ भने न्यूनतम ५० प्रतिशत अङ्क प्राप्त गरेको हुनुपर्नेछ ।

(५) विदेशी उम्मेदवारहरू भिन्नाभिन्नै राष्ट्रियस्तरका प्रवेश परीक्षा उत्तीर्ण गरेका रहेछन् भने योग्यताक्रम तयार गर्दा प्राप्ताङ्कको प्रतिशतको आधारमा एकीकृत योग्यताक्रम तयार गर्नुपर्नेछ।

(६) विदेशी उम्मेदवारले उपदफा (२) र (३) मध्ये कुनै एक समूहमामात्र आवेदन दिनुपर्नेछ । दुवै समूहमा अनलाइन आवेदन फाराम पेश गरेमा दुवै समूहको आवेदन रद्द गरिनेछ ।

(७) विदेशी सिटमा भर्नाका लागि आवेदन दिएका उपदफा (२) र (३) बमोजिम योग्यताक्रममा रहने विदेशी उम्मेदवारहरूको सङ्ख्या उपलब्ध सिटको सङ्ख्याभन्दा कम भएमा विदेशीहरूको लागि एउटैमात्र म्याचिङ हुनेछ ।

(८) उपदफा (२) र (३) बमोजिमको प्रक्रियाबाट पनि विदेशीतर्फको सिट रिक्त हुन आएमा सो सिटलाई नेपाली सःशुल्क/खुलातर्फको सिटमा थप गरी दफा २५ बमोजिमको म्याचिङको कार्य सुरु गरिनेछ ।

## परिच्छेद - ७

## सिट बाँडफाँड, म्याचिङ तथा विद्यार्थी भर्ना

२३. सिट बाँडफाँड

(१) एकीकृत प्रवेश परीक्षाको अनलाइन आवेदन माग गर्नुभन्दा पहिला आयोगले स्नातकोत्तर तहको लागि नियमावलीको नियम १७ र स्नातक तहका लागि नियम २० बमोजिम तोकिएको प्रतिशतका आधारमा सम्बन्धित निर्देशनालयले सिटको बाँडफाँड गर्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम सिट बाँडफाँड गर्दा शिक्षण संस्था र शैक्षिक कार्यक्रमका लागि निर्धारित सिटभन्दा बढी नहुने गरी सम्भव भएसम्म सबै समूहका लागि शिक्षण संस्था वा शैक्षिक कार्यक्रमगत रूपमा सिट निर्धारण गर्नुपर्नेछ ।

(३) उपदफा (१) बमोजिम सिट बाँडफाँड गर्दा कुनै समूहले दशमलवपछिको अङ्क अगुग भएका कारणले सिट छुट्याउन नसकिएको अवस्थामा सो दशमलवपछिको अङ्कलाई आगामी वर्ष समायोजन गर्नुपर्नेछ ।

(४) उपसमूह भएका मूलसमूहहरू (जस्तै महिलाभित्र दलित महिला र मुस्लिम महिला तथा मधेसीभित्र मधेसी दलित) का हकमा उपसमूहमा छनौट हुन नसकेका सिट स्वतः मूल समूहमा सर्नेछ ।

(५) कुनै समूहको लागि छुट्याइएको सिटमा सो समूहको आवेदन पेश नभएमा वा उम्मेदवार छनौट हुन नसकेमा त्यस्तो सिट स्वतः खुला समूहमा सर्नेछ ।

२४. प्राथमिकता निर्धारणका लागि सूचना प्रकाशन

(१) छात्रवृत्ति वा सःशुल्क अध्ययनका लागि प्राप्त भएका वा निर्धारण गरिएका सिटमा विद्यार्थी भर्नाका लागि शिक्षण संस्था र शैक्षिक कार्यक्रमहरू छनौट गर्न योग्ताक्रममा रहेका उम्मेदवारहरूबाट अनलाइन प्रणालीमार्फत् प्राथमिकताक्रम निर्धारण गर्नका लागि सूचना प्रकाशन गर्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम आयोगले अनलाइन प्राथमिकता निर्धारणका लागि दरखास्त आह्वान गर्दा योग्यताक्रममा रहेका उम्मेदवारहरूको म्याचिङ गर्दा एकीकृत वा कार्यक्रमगत अलग अलग प्राथमिकताक्रम निर्धारण गर्न पाउने गरी सूचना प्रकाशन तथा म्याचिङ प्रणाली सञ्चालन गर्न सकिनेछ ।

(३) अध्ययनका लागि म्याचिङमा सहभागी हुन चाहने योग्यताक्रममा रहेका उम्मेदवारहरूले तोकिएको समयसिमाभित्र भरेको प्राथमिकताक्रमका आधारमा म्याचिङका प्रक्रियाहरू अगाडि बढाउनुपर्नेछ । प्राथमिकता निर्धारण गर्न छुटेका उम्मेदवारहरू समापन म्याचिङ (wrap-up matching) का लागि मात्र योग्य हुनेछन् ।

## २५. म्याचिङ तथा भर्ना प्रक्रिया

(१) विद्यार्थी भर्ना छनौटको मूल आधार ऐनको दफा १६ बमोजिमको एकीकृत प्रवेश परीक्षाको योग्यताक्रम हुनेछ । शिक्षण संस्था तथा शैक्षिक कार्यक्रम छनौटका लागि यस कार्यविधिको दफा २४ बमोजिम विद्यार्थीले भरेको अनलाइन प्राथमिकतालाई समेत आधार लिइनेछ ।

(२) छात्रवृत्ति/सरकारी सिटमा निशुल्क अध्ययनको प्रयोजनका लागि पहिलो र दोस्रो गरी दुई चरणमा म्याचिङ गर्नुपर्नेछ ।

(२क) स्नातक तहको छात्रवृत्तितर्फको म्याचिङ अनलाइन प्रणालीबाट गरिनेछ ।

(२ख) स्नातकोत्तर तहको सरकारी समूहको म्याचिङ भौतिक उपस्थिति (ओपन हाउस)मा गर्न सकिनेछ ।

(३) सःशुल्क/खुलातर्फका सिटमा समेत पहिलो र दोस्रो गरी दुई चरणमा म्याचिङ गर्नुपर्नेछ ।

(३क) स्नातक तहको सःशुल्कतर्फको म्याचिङ अनलाइन वा भौतिक उपस्थिति (ओपन हाउस) वा दुवै प्रणालीको प्रयोगबाट गर्न सकिनेछ ।

(३ख) स्नातकोत्तर तहको खुला समूहको म्याचिङ अनलाइन वा भौतिक उपस्थिति (ओपन हाउस) वा दुवै प्रणालीको प्रयोगबाट गर्न सकिनेछ ।

(३ग) पहिलो चरणको म्याचिङ सूचीको अन्तिम योरयताक्रमभित्र रही भर्ना नभएका वा भर्ना सूचीमा नपरेका उम्मेदवारको लागि पुनः म्याचिङ गरिने छ । यसरी पुनः म्याचिङ गर्दा निजले छोडेको भन्दा माथिल्लो प्राथमिकताको शिक्षण संस्था र शैक्षिक कार्यक्रममा सिट उपलब्ध भएमा मात्र म्याचिङ गरिनेछ । अन्तिम योग्यताक्रम भित्रका पहिलो चरणको म्याचिङ सूचीमा नपरेका उम्मेदवार समेत पुनःम्याचिङ हुन सक्नेछन् ।

(३घ) पहिलो पुनःम्याचिङमा मात्र परेका उम्मेदवार भर्ना नभएमा निजले छोडेको भन्दा माथिल्लो प्राथमिकताको शिक्षण संस्था र शैक्षिक कार्यक्रममा म्याचिङ हुने भएमा दोस्रो चरणको पहिलो म्याचिङमा समावेश गरी म्याचिङ गरिनेछ तर दोस्रो चरणको पुनः म्याचिङमा समावेश गरिनेछैन।

(३ङ) दोस्रो चरणको म्याचिङको भर्नासूचीमा परी भर्ना नभएका उम्मेदवारले निजले छोडेको भन्दा माथिल्लो प्राथमिकताको शिक्षण संस्था र शैक्षिक कार्यक्रममा म्याचिङ हुने भएमा दोस्रो चरणको पुनःम्याचिङ गरिनेछ । दोस्रो चरणमा भर्ना सूचीमा नपरेका बाँकी उम्मेदवारहरू पुनःम्याचिङ हुन सक्नेछन् ।

(४) उपदफा (३) बमोजिम भर्नापश्चात् रिक्त हुन आएका सिटहरूमा भर्नाको लागि एकपटक मात्र समापन म्याचिङ गरिनेछ । समापन म्याचिङ आवश्यकताअनुसार अनलाइन वा भौतिक उपस्थितिमा गर्न सकिनेछ ।

(४क) म्याचिङ भई भर्ना भइसकेका उम्मेदवारले अध्ययनलाई निरन्तरता दिन नसक्ने भनी समापन म्याचिङको लागि आवेदन गर्न तोकिएको मिति र समयसम्म भर्ना रद्द गरी सम्बन्धित विश्वविद्यालय तथा प्रतिष्ठानबाट निर्णयसहित आयोगमा प्राप्त भएका सिटहरूलाई समापन

म्याचिङमा समावेश गरिनेछ ।आवेदन गर्ने अन्तिम मिति र समयभित्र भर्ना रद्द गराएका उम्मेदवारहरूले समापन म्याचिङमा सहभागी हुन इच्छुक भई सोही मिति र समयभित्र आवेदन गरेमा समापन म्याचिङमा सहभागी गराउन सकिनेछ ।

(४ख) समापन म्याचिङपश्चात् वैकल्पिक म्याचिङको लागि रिक्त सिट प्रकाशन गर्नु अघिसम्म कुनै कारणले भर्ना रद्द गरी सम्बन्धित विश्वविद्यालय तथा प्रतिष्ठानबाट निर्णयसहित आएका सिटहरू वैकल्पिक उम्मेदवारको म्याचिङमा समावेश गरी म्याचिङ गर्न सकिनेछ ।

(४ग)समापन म्याचिङमा उपस्थित भई रजिष्ट्रेशन गरेका तर भर्ना सूचीमा नपरेका बाँकी सबै उम्मेदवारहरूलाई बैकल्पिक उम्मेदवारको लागि हुने म्याचिङको सूचीमा सूचिकृत गरिनेछ ।

(४घ)समापन म्याचिङको भर्नापश्चात् सिट रिक्त रहेमा उपदफा ४(ग) बमोजिम वैकल्पिक सूचीमा रहेका उम्मेदवारहरूको म्याचिङ भौतिक उपस्थितिमा गरिनेछ । वैकल्पिक म्याचिङमा शिक्षण संस्था तथा शैक्षिक कार्यक्रममा सिट छनौट गरी भर्ना नहुने उम्मेदवारलाई सो पश्चात् हुने एक पटकको एकीकृत प्रवेश परीक्षामा सहभागी गराइने छैन । उक्त अवधिसम्म वैदेशिक अध्ययन अनुमति पत्र समेत प्रदान गरिने छैन ।

(४ङ)तोकिएको समयभित्र समापन म्याचिङको लागि आवेदन गरेका उम्मेदवार आफै किरिया बस्नुपरेको वा सुत्केरी भएको कारण समापन म्याचिङमा उपस्थित हुन नसकेको प्रमाणसहित वैकल्पिक सूचीमा रहन इच्छुक भएको भनी आयोगमा निवेदन प्राप्त भएमा खण्डमा एकीकृत प्रवेश परीक्षा समिति र कार्यकारी समितिले उक्त निवेदन सही भएको ठहर गरेमा त्यस्ता उम्मेदवारलाई वैकल्पिक सूचीमा थप गरी वैकल्पिक उम्मदवारको म्याचिङमा सहभागी गराउन सकिनेछ । तर प्राथमिकता निर्धारण लगायतका अन्य प्रक्रियामा यो व्यवस्था कार्यान्वयन हुने छैन ।

(५) प्रत्येक चरणको भर्नासूची प्रकाशनपश्चात् भर्नाका लागि तीनदेखि पाँच कार्य दिनसम्मको समय दिनु पर्नेछ ।

(६) स्नातक तहमा छात्रवृत्ति सिटमा म्याचिङ भई भर्ना नभएका विद्यार्थी सःशुल्कतर्फको म्याचिङमा समावेश हुनसक्नेछन् । सःशुल्क/खुलातर्फ म्याचिङ भई भर्ना नभएका विद्यार्थीहरू उपदफा (४) बमोजिमको समापन म्याचिङमा मात्र सहभागी हुन सक्नेछन् । स्नातकोत्तर तह वा सो भन्दा माथिका शैक्षिक कार्यक्रममा सरकारी र खुला समूहमध्ये कुनै एक समूहमा मात्र सहभागी हुन पाइनेछ ।

(७) प्रारम्भमा विदेशी विद्यार्थीका लागि छुट्याइएको सिट र छात्रवृत्ति/सरकारीतर्फका लागि छुट्याइएको सिटमा म्याचिङ गर्नुपर्नेछ ।

(८) विदेशी विद्यार्थीका लागि छुट्याइएको सिट र छात्रवृत्तिका लागि छुट्याइएको सिटमा भर्ना समाप्त भएपश्चात् रिक्त भएका सिटहरू समेत समावेश गरी सःशुल्क/खुलातर्फको म्याचिङ गर्नुपर्नेछ ।

(९) सरकारी सेवामा कार्यरत स्वास्थ्यकर्मी भर्नासूचीमा परी सम्बन्धित सार्वजनिक शिक्षण संस्थामा भर्ना भई बिचैमा अध्ययन छाडेमा वा भर्ना नभएको कारण त्यस्तो सिट सो वर्ष खाली हुन गएमा त्यस्तो स्वास्थ्यकर्मी आगामी दुई वर्षसम्म एकीकृत प्रवेश परीक्षामा सहभागी हुन पाउने

छैन । तर सो सिटमा अन्य विद्यार्थी म्याचिङ हुन सक्ने स्थितिमा निजलाई आगामी प्रवेश परीक्षामा सहभागी हुन बाधा पर्नेछैन ।

(९क) स्नातकोत्तर तह वा सोभन्दा माथि अध्ययनका लागि एकीकृत प्रवेश परीक्षामा सहभागी हुन आवेदन गर्ने उम्मेदवारले पूर्व स्वीकृति पत्रमा उल्लेख भएको विषयमा मात्र आवेदन गर्न र म्याचिङ हुन पाउनेछन् ।

(१०) उम्मेदवारले पेश गरेको आवेदन, समूहगत योग्यताक्रम, समूहगत आरक्षण प्रतिशत, शिक्षण संस्था र शैक्षिक कार्यक्रमहरूको प्राथमिकता क्रमका आधारमा माथिल्लो योग्यताक्रममा रहेका उम्मेदवारलाई प्राथमिकता दिइ भर्नाका लागि म्याचिङ गर्नुपर्नेछ ।

(११) आरक्षण गरिएको सिटमा नेपालका सामुदायिक विद्यालयबाट कक्षा छ देखि माध्यमिक तहको कक्षा दशको अन्त्यमा हुने परीक्षा (एसएलसी वा एसईई) उत्तीर्ण गरेका उम्मेदवारको म्याचिङ भई सिट रिक्त भएमामात्र नेपालभित्रका अन्य विद्यालयबाट माध्यमिक तहको कक्षा दशको अन्त्यमा हुने परीक्षा उत्तीर्ण गरेका सोही समुदायका उम्मेदवारलाई योग्यताक्रमका आधारमा म्याचिङ प्रक्रियामा समावेश गराउनुपर्नेछ ।

(१२) दलित र मुस्लिम समुदायका महिलाका लागि छुट्याइएको सिटमा सम्बन्धित समुदायका महिला उपलब्ध नभएमा त्यस्तो सिटमा अन्य समुदायका महिलालाई म्याचिङ प्रक्रियामा समावेश गर्नुपर्नेछ ।

(१३) मधेशी दलित समुदायका लागि छुट्याइएको सिटमा सम्बन्धित समुदायका व्यक्तिहरू उपलब्ध नभएमा त्यस्तो सिटमा मधेशी समुदायका अन्य व्यक्तिलाई म्याचिङ प्रक्रियामा समावेश गर्नुपर्नेछ।

(१४) कुनै समूहका लागि कुनै शिक्षण संस्था वा विषयमा बाँडफाँड गरिएको आरक्षणसमूहको योग्यताक्रममा रहेका उम्मेदवारको सङ्ख्या सिट सङ्ख्या बमोजिम अपर्याप्त भएमा सो सिट खुला तर्फको सिटमा परिणत गर्नुपर्नेछ ।

(१५) एउटै व्यक्ति दुई वा सोभन्दा बढी समूहबाट एकै शिक्षण संस्थामा मनोनयन हुने अवस्थामा मनोनयन हुने सबै समूहका लागि छुट्याइएको समूहगत सिट संख्याभन्दा तल्लो योग्यताक्रममा रहेका उम्मेदवारहरूमध्ये एकीकृत योग्यताक्रममा अगाडि रहेको उम्मेदवार मनोनयन हुन सक्ने गरी निजलाई योग्यताक्रममा सबैभन्दा पछाडि रहेको समूहबाट मनोनयन गर्नुपर्ने छ ।

<u>उदाहरण</u>

कुनै एक व्यक्तिको खुलातर्फको योग्यताक्रम ४५, मधेशीतर्फ योग्यताक्रम १ र महिलातर्फ २ योग्यताक्रममा रही सबै समूहमा एउटै शिक्षण संस्थामा म्याचिङ हुनसक्ने अवस्थामा एकीकृत योग्यताक्रममा खुलातर्फको कुल सिटभन्दा तल्लो उम्मेदवारको योग्यताक्रम ७५, मधेशीतर्फको उम्मेदवारको योग्यताक्रम ८० र महिलातर्फको उम्मेदवारको योग्यताक्रम ८५ रहेको अवस्थामा उक्त व्यक्तिलाई कम योग्यताक्रम ८५ रहेको महिलातर्फको सिटमा भर्ना हुने गरी निजको म्याचिङ गरिनेछ ।

(१६) कुनै समूहका लागि कुनै शिक्षण संस्था वा विषयमा बाँडफाँड गरिएको सिटमा सो समूहका विद्यार्थीले आवेदन नगरेको वा प्राथमिकता नदिएका कारणले रिक्त रहेको सिटमा दशमलव

पछिको अङ्कका कारणले सिट प्राप्त गर्न नसकेको अर्को समूहको विद्यार्थीलाई निजको समूहलाई छुट्याइएको कुल सिटभन्दा बढी नहुने गरी भर्नाका लागि म्याचिङ गर्न बाधा पर्ने छैन ।

(१७)पहिलो चरणको पुनःम्याचिङको भर्नाका लागि प्रदान गरिएको समय समाप्त भए पश्चात् पुनःम्याचिङमा मात्र परेका उम्मेदवारहरू बाहेक पहिलो चरणको म्याचिङमा परेका अन्य उम्मेदवारको नाम म्याचिङ सूचीबाट हटाउनुपर्नेछ ।

(१८)पहिलो चरणको पुनःम्याचिङमा प्रकाशित भर्नासूचीबाट भर्ना हुन नसकी रिक्त हुन आएका सिटहरूमा योग्यताक्रममा रहेका बाँकी उम्मेदवारहरूबाट दोस्रो चरणको म्याचिङ गरी भर्नासूची प्रकाशन गर्नुपर्नेछ ।

(१९)सःशुल्कतर्फ दोस्रो चरणको भर्नासूचीमा परेका उम्मेदवारहरूलाई प्रदान गरिएको भर्नाको समय समाप्त भएपश्चात् शैक्षिक सत्र प्रारम्भ गर्नुपर्नेछ ।

(२०)सःशुल्कतर्फ दोस्रो चरणको भर्नासूचीमा परेका उम्मेदवारहरूलाई भर्नाका लागि प्रदान गरिएको समय समाप्त भएपश्चात् सिट रिक्त हुन आएमा प्राथमिकता निर्धारण गरी म्याचिङमा नपरेका, प्राथमिकता निर्धारण नगरेका, म्याचिङ भई भर्ना नभएका सुरुदेखिका उम्मेदवारहरू बीच निम्न बमोजिम समापन म्याचिङ गर्नुपर्नेछः

(क) समापन म्याचिङमा प्रत्यक्ष सहभागी हुन इच्छुक उम्मेदवारका लागि निश्चित अवधि प्रदान गरी अनलाइन माध्यमबाट दरखास्त आह्वान गर्नुपर्नेछ ।

(ख) तोकिएको समयभित्र अनलाइन दरखास्त पेश गर्ने उम्मेदवारहरूको अनलाइन वा प्रत्यक्ष उपस्थितिमा म्याचिङ हुने दिन, समय र स्थानवारे सम्वन्धित उम्मेदवारहरूलाई पूर्व जानकारी गराइ सो अनुसार समापन म्याचिङ गरी रिक्त सिट पूर्ति गर्नुपर्नेछ ।

(ग) शैक्षिक सत्र सुरु भएको पैंतीस दिनभित्रमा यस उपदफावमोजिम विद्यार्थी छनौट र भर्ना गर्ने कार्य सम्पन्न गर्नुपर्नेछ ।

(२१)विदेशबाट नेपाल सरकारमार्फत् आयोगलाई प्राप्त हुने छात्रवृत्तिका सन्दर्भमा देहायवमोजिम हुनेछ :

(क) प्राथमिकता निर्धारण पूर्व प्राप्त हुने सिटहरूका सन्दर्भमां छात्रवृत्तिका सिटहरूलाई शिक्षण संस्था र शैक्षिक कार्यक्रमहरूको आधारमा प्राथमिकता छनौट गर्ने व्यवस्था गर्नुपर्नेछ ।

(ख) प्राथमिकता निर्धारण पश्चात् प्राप्त हुने सिटहरूका सन्दर्भमा छुट्टै आवेदन आह्वान गरी तत्काल चलिरहेको म्याचिङ वा वैदेशिक छात्रवृत्तिमध्ये कुनै एकमा मात्र सहभागी हुने अवसर प्रदान गर्नुपर्नेछ । यस्तो अवस्थामा म्याचिङ प्रणाली अनुरूप यस अघि सम्बन्धित शिक्षण संस्थामा भर्ना भई सकेका उम्मेदवारले पुनः अर्को दाबी गर्न पाउने छैन ।

(ग) स्नातकोत्तर तहको हकमा उम्मेदवार पुगेसम्म सरकारी कोटाबाट योग्यताक्रमका आधारमा छनौट गर्नुपर्नेछ तर उम्मेदवार नपुगेको हकमा खुलातर्फबाट समेत योग्यताक्रमका आधारमा छनौट गर्न सकिनेछ ।

(घ) वैदेशिक छात्रवृत्तिमा मनोनयन भई अध्ययन गर्न नजाने उम्मेदवारलाई सोपश्चात् आयोगबाट सञ्चालन गरिने एक पटकको एकीकृत प्रवेश परीक्षामा सहभागी गराइने छैन । सोही योग्यताक्रमबाट वैदेशिक अध्ययन अनुमति पत्र समेत प्रदान गरिने छैन ।

(२२)छात्रवृत्ति कोटामा वैदेशिक अध्ययनको लागि मनोनयन भई मन्त्रालयमा सिफारिस गरिएका व्यक्तिलाई अन्य म्याचिङ प्रक्रियाबाट हटाइनेछ । तर मन्त्रालयबाट सिफारिस/मनोनयन रद्दको निर्णय म्याचिङको तीन दिन अघिसम्म प्राप्त भएमा म्याचिङमा सहभागी गराउन सकिनेछ।

(२३)डिएम/एमसिएच शैक्षिक कार्यक्रमको भौतिक उपस्थितिमा हुने म्याचिङमा सरकारी समूहको उम्मेदवार सो समूहको लागि निर्धारण गरिएको सिट सङ्ख्याभन्दा कम भएमा पहिला सरकारी समूहको म्याचिङ गरी बाँकी रहेका सिटहरूलाई खुलातर्फ परिणत गरेर सोही दिन सरकारी र खुला समूहको म्याचिङ गर्न सकिनेछ ।

(२४)छात्रवृत्ति/निःशुल्कतर्फ भर्ना भई अध्ययनरत विद्यार्थीले बीचैमा पढाइ छोडेमा प्रचलित कानूनमा भएको व्यवस्थाबमोजिमको कारबाही प्रक्रिया पूरा नहुञ्जेल आयोगबाट सञ्चालन हुने एकीकृत प्रवेश परीक्षा/म्याचिङमा सहभागी गराइनेछैन ।

(२५) सःशुल्क/खुलातर्फ भर्ना भई अध्ययनरत विद्यार्थीले सम्बन्धित विश्वविद्यालय/प्रतिष्ठान/बोर्डबाट भर्ना रद्द भएको प्रमाणसहित एकीकृत प्रवेश परीक्षामा आवेदन गरेमा निजलाई परीक्षामा सहभागी गराउन सकिनेछ ।

(२६)छात्रवृत्ति/निःशुल्कतर्फ भर्ना भएका उम्मेदवारले समापन/वैकल्पिक उम्मेदवारको म्याचिङ हुनु अगावै विश्वविद्यालय/प्रतिष्ठान/बोर्डबाट भर्ना रद्द भएको प्रमाण पेस गरी उक्त सिट समापन/वैकल्पिक उम्मेदवारको म्याचिङमा समावेश भएमा त्यस्ता उम्मेदवारहरूलाई त्यसपछि सञ्चालन हुने एकीकृत प्रवेश परीक्षामा सहभागी गराउन सकिनेछ । तर समापन/वैकल्पिक उम्मेदवारको म्याचिङमा सिट समावेश नभएको हकमा त्यसपछि सञ्चालन हुने एकीकृत प्रवेश परीक्षामा सहभागिता सम्बन्धमा प्रचलित कानून बमोजिम हुनेछ ।

## परिच्छेद - ८
## विविध

२६. योग्यताक्रम मान्य रहने अवधि :

(१) एकीकृत प्रवेश परीक्षावाट कायम भएको योग्यताक्रम एक शैक्षिकसत्रसम्म कायम रहनेछ ।

(२) विदेशी विद्यार्थी भर्ना प्रयोजनका लागि तोकिएको सिटमा दोस्रो प्रायमिकता (Foreign sub-category II) बाट आवेदन दिने उम्मेदवारका हकमा आयोगले सूचीकृत गरेको विदेशी राष्ट्रहरूको राष्ट्रियस्तरको चिकित्सा शिक्षासम्बन्धी सबैभन्दा पछिल्लो (latest) एकीकृत प्रवेश परीक्षामात्र मान्य हुनेछ ।

२७. प्रश्नपत्र तथा उत्तरपुस्तिकाको गोपनीयतासम्बन्धी व्यवस्था :
यस कार्यविधिवमोजिम लिइएको प्रवेश परीक्षाको प्रश्नपत्र र उत्तरपुस्तिका गोप्य रहने छ । परीक्षा सम्पन्न भएको छ महिनापश्चात् प्रचलित कानुनवमोजिम प्रश्नपत्र र उत्तरपुस्तिका धुल्याइने छ ।

२८. गोपनीयता कायम राख्नुपर्ने :
परीक्षासम्बन्धी कार्यमा आवश्यक गोपनीयता कायम राख्नुपर्नेछ । सोको दायित्व परीक्षासम्बन्धी कार्यमा संलग्न सबै पदाधिकारी एवम् कर्मचारीको हुनेछ ।

२९. बाधा अड्काउ फुकाउने अधिकार :
यो कार्यविधि कार्यान्वयन गर्दा कुनै बाधा अड्काउ पर्न आएमा वा यो कार्यविधिमा उल्लेख नभएको विषयका सम्बन्धमा कुनै व्यवस्था गर्न आवश्यक परेमा परीक्षा समितिको सिफारिसमा कार्यकारी समितिले निर्णय गरेबमोजिम हुनेछ ।

३०. खारेजी तथा बचाउ :
यस अघि कार्यान्वयनमा ल्याइएको चिकित्सा शिक्षा एकीकृत प्रवेश परीक्षा तथा विद्यार्थी भर्नासम्बन्धी कार्यविधि, २०७९ खारेज गरिएको छ साथै यो कार्यविधि कार्यान्वयन हुनुभन्दा पूर्व उक्त कार्यविधि वमोजिम भए गरेका कार्यहरू यसै कार्यविधि बमोजिम भएको मानिनेछ ।

३१. अनुसूची हेरफेर वा थपघटसम्बन्धी व्यवस्था :
कार्यकारी समितिले यस कार्यविधिमा रहेका अनुसूची आवश्यकतानुसार हेरफेर वा थपघट गर्न सक्नेछ।

३२. कार्यविधि संशोधनसम्बन्धी व्यवस्था :
यस कार्यविधिमा परिमार्जन तथा संशोधन गर्नुपरेमा समितिको सिफारिसमा कार्यकारी समितिले गर्नेछ।

अनुसूची - १

(दफा २० को उपदफा (४) सँग सम्बन्धित)

चिकित्सा शिक्षा एकीकृत प्रवेश परीक्षाको शैक्षिक कार्यक्रमगत नतिजाको पर्सेन्टाइल प्रणालीबाट योग्यताक्रम निर्धारण गर्ने प्रक्रिया

१. प्रत्येक परीक्षार्थीको उत्तरपुस्तिका (OMR sheet) स्क्यान (scan) गरेपछि प्रत्येक सही उत्तर वापत एक अङ्क प्राप्त हुने र प्रत्येक गलत उत्तर वापत ०.२५ अङ् कघटाइनेछ । यदि एकभन्दा बढी बबलमा चिन्ह लगाएमा वा पोतेमा समेत त्यसलाई गलत उत्तर मानी ०.२५ अङ्क नै घटाइनेछ ।

५. उम्मेदवारको क्रम (rank) कायम गरेपश्चात् देहायमा उल्लिखित सूत्र प्रयोग गरी पर्सेन्टाइल (percentile based on rank) निकालिनेछ :

*सुत्र $P = \frac{N - \text{Rank}}{N} x100$

जहाँ,

P = पर्सेन्टाइल,

N = सम्बन्धित कार्यक्रमको परीक्षामा जम्मा सहभागी सङ्ख्या,

Rank = उम्मेदवारको क्रमलाई जनाउछ ।

६. प्रत्येक उम्मेदवारको पर्सेन्टाइल (percentile) कायम भएपछि ५० औं पर्सेन्टाइललाई थ्रेसहोल्ड (cut-off point) कायम गरी सो र सो भन्दा माथि भएका सबै उम्मेदवारहरू योग्य (eligible) भएको मानिनेछ ।

# अनुसूची - २

## (दफा २१ को उपदफा (१) सँग सम्वन्धित)

## पुनर्योगको आवेदन फाराम

मिति :- . . . . . . . . . . .

श्रीमान् निर्देशकज्यू,
परीक्षा निर्देशनालय,
चिकित्सा शिक्षा आयोग ,सानोठिमी ,भक्तपुर ।

विषय :- पुनर्योग सम्वन्धमा ।

यस समितिवाट मिति ........................ मा प्रकाशित स्नातक/स्नातकोत्तर/डिएम-एमसिएच तह अन्तर्गत देहाय अनुसार कार्यक्रमको प्रवेश परीक्षाको नतिजा अनुसार कायम योग्यता सूचीमा मेरो नाम समावेश नभएको/समावेश भएको तर योग्यता सूची उपर चित्त नवुझेकाले पुनर्योग गर्ने प्रयोजनका लागि निम्न कागजात संलग्न राखी यो निवेदन पेश गर्दछु ।

संलग्न कागजातहरू
(१) निर्धारित शुल्क दाखिला गरेको सक्कल वैङ्क भौचर
(२) प्रवेशपत्रको फोटोकपी
(३) स्कोर कार्ड

निवेदकको
दस्तखत :- . . . . . . . .
नाम, थर :- . . . . . . . .
प्रवेश परीक्षामा सहभागी तह :- . . . . . . . .
शैक्षिक कार्यक्रम :- . . . . . . . . . .
रोलनम्वर :- . . . . . . . .
प्राप्ताङ्क :- . . . . . . .
सम्पर्क मोबाइल/फोन नम्बर :- . . . . . . .
मिति :- . . . . . . . . .

चि.शि.आ.प.फा.नं. : १

अनुसूची- ३

दफा १७ (८क) सँग सम्वन्धित

# चिकित्सा शिक्षा एकीकृत प्रवेश परीक्षा

## केन्द्राध्यक्षले पशनपत्र, उत्तरपुस्तिका लगायतका सामग्री बुझिलिएको मुचुल्का

चिकित्सा शिक्षा आयोग सानोठिमी, भक्तपुरबाट चिकित्सा शिक्षा, ... ... ... ... तहको... ... ... ... ... ...... ... ... मिति २० ... .... ..... मा ... ... ... ... ... ... ... ... ... ... ... ... ... परीक्षा केन्द्रमा सञ्चालन हुने प्रवेश परीक्षाका लागि संलग्न सूचीमा उल्लिखित विवरण अनुसारका प्रश्नपत्र तथा उत्तरपुस्तिका (OMR Sheet) भएको सिलबन्दी बाकस एवम् अन्य परीक्षा सामग्री चिकित्सा शिक्षा आयोगबाट समन्वयकर्ताको जिम्मेवारी लिंई खटिई आउनुभएका समन्वयकर्ता/सुपरिवेक्षकबाट केन्द्राध्यक्षले तपसिलमा उल्लिखित पदाधिकारीहरूको रोहवरमा वुझी यो मुचुल्का/ भरपाई गरिदिएको छु ।

सुपरिवेक्षक/समन्वयकर्ताको दस्तखत :- ... ... ... ... ... ... केन्द्राध्यको दस्तखत :- ... ... ... ... ... ...

सुपरिवेक्षक/समन्वयकर्ताको नाम :- ... ... ... ... ... ... ... ... केन्द्राध्यको नाम :- ... ... ... ... ... ...

<u>रोहवर</u>

| सि.नं. | नाम, थर | पद | कार्यालय | दस्तखत | कैफियत |
|---|---|---|---|---|---|
| १. | | | | | |
| २. | | | | | |
| ३. | | | | | |
| ४. | | | | | |
| ५. | | | | | |
| ६. | | | | | |

इति सम्वत् ... ... ... ... ... ... साल ... ... ... महिना ... ... ...गते रोज ... ... शुभम् ।

चि.शि.आ.प.फा.नं. : २

अनुसूची- ४

दफा १६ (३क) सँग सम्बन्धित

## प्रवेश परीक्षामा संलग्न कर्मचारी/पदाधिकारीको परिचय-पत्रको ढाँचा

नेपाल सरकार

चिकित्सा शिक्षा आयोग

### प्रवेश परीक्षामा संलग्न कर्मचारी पदाधिकारीको/परिचय-पत्र

नाम : ... ... ... ... ... ... ... ... ... ... ... ... ... ...

खटिएको पद : ... ... ... ... ... ... ... ... ... ... ... ... ... ...

परीक्षा केन्द्र : ... ... ... ... ... ... ... ... ... ... ... ... ... ...

परीक्षा मिति : ... ... ... ... ... ... ... ... ... ... ... ... ... ...

परीक्षाको किसिम : लिखित

तहः डिएम/एमसिएच/स्नातकोत्तर/स्नातक

..........................................................

निर्देशक/सचिव-सदस्य/केन्द्राध्यक्षको दस्तखत

चि.शि.आ.प.फा.नं. : ३

अनुसूची- ५

दफा १७ (२ङ) सँग सम्बन्धित

## ...................... तहको एकीकृत प्रवेश परीक्षा

## गोप्य सामग्री खोल्ने मुचुल्का

चिकित्सा शिक्षा आयोग सानोठिमी, भक्तपुरबाट चिकित्सा शिक्षा, ... ... ... ... तहको... ... ... ... ... ...... ... विषयको मिति २० ... .... ..... मा ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... परीक्षा केन्द्रमा प्राप्त भएका प्रवेश परीक्षाका प्रश्नपत्र तथा उत्तरपुस्तिका (OMR Sheet) भएको सिलबन्दी बाकस एवम् अन्य परीक्षा सामग्री चिकित्सा शिक्षा आयोगबाट खटिएका सुपरिवेक्षक/समन्वयकर्ताको उपस्थितिमा देहायको रोहबरमा खोली यो मुचुल्का/ भरपाई गरिदिएका छौं ।

समय :

समन्वयकर्ताको दस्तखत :- ... ... ... ... ... ...    सुपरिवेक्षक दस्तखत :- ... ... ... ... ... ...

समन्वयकर्ताको नाम :- ... ... ... ... ... ... ...    सुपरिवेक्षक नाम :- ... ... ... ... ... ...

<u>रोहवर</u>

| सि.नं. | नाम, थर | पद | कार्यालय | दस्तखत | कैफियत |
|---|---|---|---|---|---|
| १. | | केन्द्राध्यक्ष | | | |
| २. | | | | | |
| ३. | | | | | |
| ४. | | | | | |
| ५. | | | | | |
| ६. | | | | | |
| ७. | | | | | |
| ८. | | | | | |
| ९. | | | | | |

इति सम्वत् ... ... ... ... ... ... साल ... ... ... महिना ... ... ...गते रोज ... ... शुभम् ।

चि.शि.आ.प.फा.नं. : ४

नेपाल सरकार चिकित्सा शिक्षा आयोग सानोठिमी, भक्तपुर

अनुसूची- ६

दफा १७ (२ढ) सँग सम्वन्धित

## ...................... तहको एकीकृत प्रवेश परीक्षा

## परीक्षा शुरू भएको मुचुल्का

चिकित्सा शिक्षा आयोग सानोठिमी, भक्तपुरद्वारा मिति २०......................मा........................... तहको लागि तोकिएको एकीकृत प्रवेश परीक्षा श्री... ... ... ... ... ... ... ... ... ... ... ... ... ... परीक्षा केन्द्रमा देहायको समयमा शुरू भएको व्यहोराको मुचुल्का गरिदिएका छौं ।

समय :

रोहवर

| सि.नं. | नाम, थर | पद | कार्यालय | दस्तखत | कैफियत |
|---|---|---|---|---|---|
| १. | | | | | |
| २. | | | | | |
| ३. | | | | | |
| ४. | | | | | |
| ५. | | | | | |
| ६. | | | | | |

इति सम्वत् ... ... ... ... ... ... साल ... ... ... महिना ... ... ...गते रोज ... ... शुभम् ।

चि.शि.आ.प.फा.नं. : ५

अनुसूची-७

दफा १७ (६ठ) सँग सम्वन्धित

## ..................... तहको एकीकृत प्रवेश परीक्षा

## परीक्षार्थीहरूको हाजिरी फाराम

परीक्षा केन्द्र : – ........................................................................................................

प्रवेश परीक्षाको तह :– ............................ परीक्षा मिति : – .................... कोठा नम्वर :– ............

| सि.नं. | परीक्षार्थीको नाम, थर | रोलनम्वर | OMR Sheet number | दस्तखत | | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | | रेखात्मक | लेखात्मक | |
| १. | | | | | | |
| २. | | | | | | |
| ३. | | | | | | |
| ४. | | | | | | |
| ५. | | | | | | |
| ६. | | | | | | |
| ७. | | | | | | |

नोटः- १. परीक्षार्थी हाजिरी एकप्रति तयार गर्नुपर्नेछ ।

२. परीक्षार्थी हाजिरीलाई सम्वन्धित निरीक्षक र केन्द्राध्यक्षले अनिवार्य प्रमाणित गर्नुपर्नेछ ।

<u>निरीक्षक</u>

नाम :- ... ... ... ... ... ... ... ...

दस्तखत :- ... ... .... .... ... ... ...

<u>केन्द्राध्यक्ष</u>

नाम :- ... ... ... ... ... ... ... ...

दस्तखत :- ... ... .... .... ... ... ...

चि.शि.आ.प.फा.नं. : ६

अनुसूची-८

दफा १७ (२त्त) सँग सम्बन्धित

## ...................... तहको एकीकृत प्रवेश परीक्षा

## परीक्षा हल बाहिर जाने परीक्षार्थीको लगत्त राख्ने फाराम

परीक्षा केन्द्रको नाम :- ..........................................................................................

प्रवेश परीक्षाको तह :- .................................... परीक्षा मिति :- ................ कोठा नम्बर :- .............

| सि.नं. | परीक्षार्थीको नाम, थर | रोलनम्बर | बाहिर जानुपर्ने कारण छोटकरीमा उल्लेख गर्ने | गएको समय | परीक्षार्थीको दस्तखत | फर्किएको समय | निरीक्षकको दस्तखत |
|---|---|---|---|---|---|---|---|
| १. | | | | | | | |
| २. | | | | | | | |
| ३. | | | | | | | |
| ४. | | | | | | | |
| ५. | | | | | | | |
| ६. | | | | | | | |
| ७. | | | | | | | |
| ८. | | | | | | | |
| ९. | | | | | | | |
| १०. | | | | | | | |
| ११. | | | | | | | |

१. एकपटकमा एकजना मात्र परीक्षार्थीलाई बाहिर जाने अनुमति दिनुपर्नेछ ।

२. बाहिर जाने परीक्षार्थीलाई फारामका विभिन्न महलमा उल्लेखित विवरण भराई दस्तखतसमेत गराएर मात्र पठाउनु पर्नेछ ।

३. परीक्षार्थी फर्किएपछि निरीक्षकले फारामको सम्वन्धित महलमा फर्किएको समय उल्लेख गरी दस्तखत समेत गर्नुपर्नेछ ।

४. परीक्षा समाप्त भएपश्चात् निरीक्षकले दस्तखत गरी यो फाराम केन्द्राध्यक्षलाई बुझाउनु पर्नेछ ।

५. परीक्षार्थीले बाहिर जाँदा प्रश्नपत्र, ओएमआर सिट र कलम लिएर जान पाइने छैन ।

निरीक्षकको दस्तखत :- ....................................

निरीक्षकको नाम :- ..........................................

चि.शि.आ.प.फा.नं. : ७

अनुसूची ९

दफा १७ (२ब) सँग सम्बन्धित

..................... तहको एकीकृत प्रवेश परीक्षा

## परीक्षा सञ्चालन प्रतिवेदन फाराम

श्री चिकित्सा शिक्षा आयोग
सानोठिमी, भक्तपुर ।

विषय :- प्रवेश परीक्षा सञ्चालन प्रतिवेदन पठाइएको बारे ।

श्री ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... परीक्षा केन्द्रमा मिति ... ... ... ... मा सञ्चालन भएको प्रवेश परीक्षा सम्पन्न गरी तपसिलको विवरण प्रमाणित गरी पठाएको ब्यहोरा अनुरोध छ ।

तपसिल

(क) परीक्षा सम्बन्धी विवरण

(१) तह :- ... ... ... ... ... ... ...

(२) कार्यक्रमको नाम :- ... ... ... ... ... ... ...

(३) परीक्षामा उपस्थित संख्या :- ... ... ... ... ... ... ...

(४) परीक्षामा अनुपस्थित संख्या :- ... ... ... ... ... ... ...

(५) प्राप्त भएको प्रश्नपत्र संख्या :- ... ... ... ... ... ... ...

(६) प्राप्त भएको उत्तरपुस्तिका (OMR Sheet) संख्या :- ... ... ... ... ... ... ...

(७) प्रयोग भएको प्रश्नपत्र संख्या :- ... ... ... ... ... ... ...

(८) प्रयोग भएको उत्तरपुस्तिका (OMR Sheet) संख्या :- ... ... ... ... ... ... ...

(९) प्रयोग नभएका प्रश्नपत्र संख्या :- ... ... ... ... ... ... ...

(१०) प्रयोग नभएका उत्तरपुस्तिका (OMR Sheet) संख्या :- ... ... ... ... ... ... ...

(११) रोलनम्बरमा बबल गरेका/नगरेका परीक्षार्थी संख्याः गरेका............... नगरेका......................

(१२) प्रश्नको कि (key) मा बबल गरेका/नगरेका परीक्षार्थी संख्याः गरेका............ नगरेका......................

(ख) परीक्षा सम्पन्न गरी तहाँ पठाइएको कागजात तथा सामग्रीको विवरण

(१) परीक्षार्थीको हाजिर फाराम थान :- ... ... ... ... ... ... ... ... ... ... ... ... ...

(२) उत्तरपुस्तिका चलानी फाराम थान :- ... ... ... ... ... ... ... ... ... ... ... ... ...

(३) परीक्षार्थीले लेखेको उत्तरपुस्तिका (OMR Sheet) :- ... ... ... ...... ... ... ...

(४) प्रयोग नभएका प्रश्नपत्र :-... ... ... ... ... ... ... ... ... ...

(५) परीक्षार्थीबाट फिर्ता लिइएका प्रश्नपत्र संख्या :-... ... ... ... ... ... ... ... ... ... ... ...

(६) प्रयोग नभएका उत्तरपुस्तिका (OMR Sheet) संख्या :- ... ... ... ...... ... ... ... ... ... ...

(७) परीक्षा सम्बन्धी अन्य कागजात भएको सिलबन्दी बाकस थान :-... ... ....... ... ... ...

(८) अन्य ... ... ... ... ... ... ... ... ... ... ...... ... ... ... ... ... ... ... ... ...

मिति :- ... ... ... ... जिल्ला :- ... ... ... ... परीक्षा केन्द्र :- ... ... ... ... ... ... ... ... ... ...

..............................
(केन्द्राध्यक्षको दस्तखत)

चि.शि.आ.प.फा.नं. : ८

अनुसूची - १०

दफा १७ (२५) र १७ (७ज) सँग सम्बन्धित

## ..................... तहको एकीकृत प्रवेश परीक्षा

## गोप्य सामग्री भएको बाकस सिलबन्दी गर्ने मुचुल्का

चिकित्सा शिक्षा आयोग सानोठिमी, भक्तपुरबाट चिकित्सा शिक्षा, ... ... ... ... तहको... ... ... ... ... ...... ... ...विषयको मिति २० ... .... ..... मा ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... परीक्षा केन्द्रमा प्राप्त भएका प्रवेश परीक्षाका प्रश्नपत्र तथा उत्तरपुस्तिका (OMR Sheet) लगायतका परीक्षा सामग्रीहरु राखी चिकित्सा शिक्षा आयोगबाट खटिएका सुपरिवेक्षक/समन्वयकर्ताको उपस्थितिमा देहायको रोहवरमा सिलबन्दी गरी यो मुचुल्का/ भरपाई गरिदिएका छौं ।

समय :

समन्वयकर्ताको दस्तखत :- ... ... ... ... ... ... सुपरिवेक्षक दस्तखत :- ... ... ... ... ... ...

समन्वयकर्ताको नाम ... ... ... ... ... ... ... -: सुपरिवेक्षक नाम ... ... ... ... ... ... ... -:

<u>रोहवर</u>

| सि.नं. | नाम, थर | पद | कार्यालय | दस्तखत | कैफियत |
|---|---|---|---|---|---|
| १. | | | | | |
| २. | | | | | |
| ३. | | | | | |
| ४. | | | | | |
| ५. | | | | | |
| ६. | | | | | |

इति सम्वत् ... ... ... ... ... ... सांल ... ... ... महिना ... ... ...गते रोज ... ... शुभम् ।

चि.शि.आ.प.फा.नं. : ९

अनुसूची - ११
दफा १६ (३ख) सँग सम्बन्धित

## ...................... तहको एकीकृत प्रवेश परीक्षा

## परीक्षामा संलग्न कर्मचारीहरूको दस्तखत नमुना सङ्कलन फाराम

परीक्षा केन्द्रः – ..................................................................................................................

प्रवेश परीक्षाको तह :– ..........................................................परीक्षा मितिः– ...............................

| सि.नं. | कर्मचारीको नाम, थर | पद | दस्तखतको नमुना | | कैफियत |
|---|---|---|---|---|---|
| | | | पूरा दस्तखत | छोटो दस्तखत | |
| १. | | | | | |
| २. | | | | | |
| ३. | | | | | |
| ४. | | | | | |
| ५. | | | | | |
| ६. | | | | | |
| ७. | | | | | |
| ८. | | | | | |
| ९. | | | | | |
| १०. | | | | | |
| ११. | | | | | |
| १२. | | | | | |
| १३. | | | | | |
| १४. | | | | | |
| १५. | | | | | |

नोट :- (१) यो फाराम एकप्रति तयार गर्नु पर्नेछ ।

(२) यो फारामलाई केन्द्राध्यक्षले प्रमाणित गरी आयोगमा बुझाउनु पर्नेछ ।

केन्द्राध्यक्ष

नाम :- ... ... ... ... ... ... ... ...

दस्तखत :- ... ... .... .... ... ... ...

नेपाल सरकार चिकित्सा शिक्षा आयोग सानोठिमी, भक्तपुर

चि.शि.आ.प.फा.नं. : १०

अनुसूची - १२

दफा १६ (३ग) सँग सम्बन्धित

## ..................... तहको एकीकृत प्रवेश परीक्षा

## परीक्षामा संलग्न कर्मचारीहरूको हाजिरी

परीक्षा केन्द्र :- ........................................................................................

परीक्षाको तह :- ............................................ परीक्षा मिति :- ......................

| सि.नं. | कर्मचारीको नाम, थर | पद/दर्जा | कार्यालय | दस्तखत | सम्पर्क नं. |
|---|---|---|---|---|---|
| १ | | | | | |
| २ | | | | | |
| ३ | | | | | |
| ४ | | | | | |
| ५ | | | | | |
| ६ | | | | | |
| ७ | | | | | |
| ८ | | | | | |
| ९ | | | | | |
| १० | | | | | |
| ११ | | | | | |
| १२ | | | | | |
| १३ | | | | | |
| १४ | | | | | |
| १५ | | | | | |
| १६ | | | | | |
| १७ | | | | | |
| १८ | | | | | |
| १९ | | | | | |
| २० | | | | | |

मिति :- ......................

..............................

केन्द्राध्यक्षको दस्तखत

केन्द्राध्यक्षको नाम, थर :-

नेपाल सरकार
चिकित्सा शिक्षा आयोग
सानोठिमी, भक्तपुर

चि.शि.आ.प.फा.नं. : ११

अनुसूची-१३

दफा १६ (३घ) सँग सम्बन्धित

## ...................... तहको एकीकृत प्रवेश परीक्षा

## परीक्षा सञ्चालन गर्ने कार्यमा खटिएका कर्मचारीलाई पारिश्रमिक बुझाएको भरपाई

मिति ........................ मा चिकित्सा शिक्षा आयोगबाट सञ्चालन भएको प्रवेश परीक्षामा काम गर वापत देहाय बमोजिमको पारिश्रमिक बुझिलिई भरपाई गरिदियौं ।

| सि.नं. | कर्मचारीको नाम, थर | पद/दर्जा | दिन | दर | जम्मा | १५% आयकर कट्टी | खुद पाउने रकम | रकम बुझिलिनेको दस्तखत | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| १. | | | | | | | | | |
| २. | | | | | | | | | |
| ३. | | | | | | | | | |
| ४. | | | | | | | | | |
| ५. | | | | | | | | | |
| ६. | | | | | | | | | |
| ७. | | | | | | | | | |
| ८. | | | | | | | | | |
| ९. | | | | | | | | | |
| १०. | | | | | | | | | |

मिति :- ............................ जिल्ला :- ................. परीक्षा केन्द्र :- ............................

केन्द्राध्यक्षको नाम :- ........................................

केन्द्राध्यक्षको दस्तखत :- ........................................

पुनश्च :- परीक्षा सञ्चालनार्थ लिएको पेश्की फछ्र्यौटको लागि आवश्यक बिल भरपाई सातदिन भित्र चिकित्सा शिक्षा आयोग सानोठिमी, भक्तपुरको आर्थिक प्रशासन शाखामा अनिवार्य बुझाउनु पर्नेछ ।

चि.शि.आ.प.फा.नं. : १२

अनुसूची १४

दफा १७ (२प) र १७ (७ज) सँग सम्बन्धित

## चिकित्सा शिक्षा एकीकृत प्रवेश परीक्षा

## सुपरिवेक्षक/समन्वयकर्ताले केन्द्राध्यक्षबाट प्रश्नपत्र तथा उत्तरपुस्तिका लगायतका सामग्री बुझिलिएको मुचुल्का

मिति ... ... ... ... ... ... गते ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... परीक्षा केन्द्रमा सञ्चालन भएको चिकित्सा शिक्षा, ... ... ... ... ... ... ... ... ... तहको प्रवेश परीक्षाका तपसिलमा उल्लिखित सामग्रीहरू/कागजातहरू भएको सिलबन्दी बाकस थान - ... ... ... ... ... ... /सिलबन्दी प्याकेट थान - ... .... ... ... ... चिकित्सा शिक्षा आयोगबाट खटिई आउनु भएका सुपरिवेक्षक/समन्वयकर्ता श्री ... .. ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... लाई परीक्षा केन्द्राध्यक्षबाट तपसिलका पदाधिकारीहरूको रोहवरमा बुझाई यो मुचुल्का/ भरपाई गरिदिएका/को छौं/छु ।

तपसिल

(१) परीक्षार्थीबाट फिर्ता लिइएका उत्तरपुस्तिका (OMR Sheet) थान -:

(२) परीक्षार्थीबाट फिर्ता लिइएका प्रश्नपत्र थान :-

(३) परीक्षार्थीलाई वितरण नगरिएका प्रश्नपत्र थानः-

(४) परीक्षार्थीलाई वितरण नगरिएका उत्तरपुस्तिका (OMR Sheet) थान -:

(५) परीक्षार्थी हाजिरी फाराम थान-:

(६) परीक्षा प्रतिवेदन थान :-

(७) अन्य :-

सुपरिवेक्षक/समन्वयकर्ताको दस्तखतः- ... ... ... ... ... ... केन्द्राध्यको दस्तखतः- ... ... ... ... ... ...

सुपरिवेक्षक/समन्वयकर्ताको नामः- ... ... ... ... ... ... ... ... केन्द्राध्यको नामः- ... ... ... ... ... ...

रोहवर

| सि.नं. | नाम, थर | पद | कार्यालय | दस्तखत | कैफियत |
|---|---|---|---|---|---|
| १. | | | | | |
| २. | | | | | |
| ३. | | | | | |
| ४. | | | | | |
| ५. | | | | | |

इति सम्वत् ... ... ... ... ... ..., साल ... ... ... महिना ... ... ... गते रोज ... ... शुभम् ।

अनुसूची - १५

दफा १७ (७ज) सँग सम्बन्धित

## चिकित्सा शिक्षा एकीकृत प्रवेश परीक्षा

## चिकित्सा शिक्षा आयोगमा सुपरिवेक्षक/समन्वयकर्ताबाट उत्तरपुस्तिकालगायतका सामग्री रहेको बाकस र अन्य सामग्री बुझिलिएको मुचुल्का/भरपाई

मिति ... ... ... ... ... ... गते ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... परीक्षा केन्द्रमा सञ्चालन भएको चिकित्सा शिक्षा, ... ... ... ... ... ... ... . तहको प्रवेश परीक्षाका तपसिलमा उल्लिखित सामग्रीहरू/कागजातहरू भएको सिलवन्दी बाकस थान - ... ... ... ... . /सिलबन्दी प्याकेट थान - ... .... ... ..... ... ... ... ... ... ... ... चिकित्सा शिक्षा आयोगवाट खटिएको सुपरिवेक्षक/समन्वयकर्ता श्री .. ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... वाट तपसिलका पदाधिकारीहरूको रोहवरमा बुझी/बुझाई यो मुचुल्का/भरपाई गरिदिएका/को छौं/ छु ।

<u>तपसिल</u>

(१) परीक्षार्थीबाट फिर्ता लिइएका उत्तरपुस्तिका (OMR Sheet) थान :-

(२) परीक्षार्थीबाट फिर्ता लिइएका प्रश्नपत्र थान :-

(३) परीक्षार्थीलाई वितरण नगरिएका प्रश्नपत्र थान :-

(४) परीक्षार्थीलाई वितरण नगरिएका उत्तरपुस्तिका (OMR Sheet) थान :-

(५) परीक्षार्थी हाजिरी फाराम थान :-

(६) परीक्षा प्रतिवेदन थान :-

(७) अन्य :-

सुपरिवेक्षक/समन्वयकर्ताको दस्तखत :- ... ... ... ... ... ... बुझिलिनेको दस्तखत :- ... ... ... ... ... ...
सुपरिवेक्षक/समन्वयकर्ताको नाम :- ... ... ... ... ... ... ... बुझिलिनेको नाम :- ... ... ... ... ... ... ...

<u>रोहवर</u>

| सि.नं. | नाम, थर | पद | कार्यालय | दस्तखत | कैफियत |
|---|---|---|---|---|---|
| १. | | | | | |
| २. | | | | | |
| ३. | | | | | |

इति सम्वत् ... ... ... ... ... ... साल ... ... ... महिना ... ... ... गते रोज ... ... शुभम् ।

अनुसूची-१६

दफा १२ (२) सँग सम्बन्धित

## विज्ञ सूचीमा सूचीकृत हुन दिने निवेदनको ढाँचा

श्री चिकित्सा शिक्षा आयोग
सानोठिमी, भक्तपुर ।

चिकित्सा शिक्षा आयोगको सूचना बमोजिम मैले देहायको विवरण र आवश्यक कागजात संलग्न गरी विषय विज्ञमा सूचीकृत हुन यो निवेदन पेश गरेको छु ।

क) समावेश हुन चाहेको विज्ञ सूचीको विवरणः
- १. तहः
- २. शैक्षिक कार्यक्रम/विषयः

ख) नाम र सम्पर्क विवरणः
- ३. देवनागरिकमा नाम, थरः
- ४. अंग्रेजीमा नाम, थरः
- ५. सम्पर्क नम्बरः
- ६. इमेल ठेगानाः

ग) शैक्षिक उपाधिः
- ७. स्नातक तहको उपाधि हासिल गरेको वर्षः
- ८. विषयः
- ९. स्नातकोत्तर तहको उपाधि हासिल गरेको वर्षः
- १०. विषयः
- ११. डिएम/एमसिएच तहको उपाधि हासिल गरेको वर्षः
- १२. विषयः

घ) कार्यरत संस्थासम्वन्धी विवरणः
- १३. अध्यापनरत संस्थाको नामः
- १४. कार्यरत पदः
- १५. कार्यरत पदमा नियुक्ति मितिः
- १६. अध्यापन गरेको विषयः

ङ) विषय विज्ञमा सूचीकृत हुने व्यक्ति कुनै पनि मेडिकल हेल्थ प्रोफेसनल एजुकेसन सम्बन्धी कोचिङ्ग कक्षा सञ्चालन तथा अध्यापन गर्ने कार्यमा सहभागिताः भएको ☐ नभएको ☐

च) प्रश्नपत्र निर्माण गर्दा चिकित्सा शिक्षा आयोगले तयार गरेको आचारसंहिता पालना गर्नेछु ।

छ) निवेदनसाथ माथि उल्लेखित विवरण प्रमाणित हुने कागजातहरू संलग्न गरेको छु ।

नोटः एक पटक यस आयोगमा सूचीकृत भएकोले सोही विषयमा सूचीकृत हुन निवेदन दिनु पर्दैन । तर फरक विषय र तहमा सूचीकृत हुन चाहेमा पुनः निवेदन दिनुपर्दछ ।

निवेदकको दस्तखतः
मितिः

अनुसूची - १७

दफा १६(३ङ) सँग सम्बन्धित

# परीक्षा केन्द्र पर्यवेक्षण/अवलोकन सङ्क्षिप्त प्रतिवेदन

परीक्षाको तह : परीक्षा मिति :

विषयः

परीक्षा केन्द्र :

केन्द्राध्यक्षको नाम :

कोठा सङ्ख्या : परीक्षार्थी सङ्ख्या : उपस्थित सङ्ख्या :

---

सबल पक्षहरू :

१. ..........................................................................................

२. ..........................................................................................

३. ..........................................................................................

४. ..........................................................................................

सुधारात्मक पक्षहरू :

१. ..........................................................................................

२. ..........................................................................................

३. ..........................................................................................

अन्य केही भए :

पर्यविक्षकको दस्तखत : ..................................................

पर्यविक्षकको नाम : ..................................................

मिति : ..................................................

अनुसूची - १८
दफा १७ (८च) सँग सम्बन्धित

नेपाल सरकार
चिकित्सा शिक्षा आयोग
सानोठिमी, भक्तपुर

## परीक्षा केन्द्र सञ्चालन तथा व्यवस्थापन सम्वन्धी सङ्क्षिप्त प्रतिवेदन

परीक्षाको तह : परीक्षा मितिः

विषय :

परीक्षा केन्द्र :

केन्द्राध्यक्षको नाम :

कोठा सङ्ख्या : परीक्षार्थी सङ्ख्याः उपस्थित संख्याः

सबल पक्षहरू :

---

१. ........................................................................................................

२. ........................................................................................................

३. ........................................................................................................

४. ........................................................................................................

सुधारात्मक पक्षहरू :

१. ........................................................................................................

२. ........................................................................................................

३. ........................................................................................................

४. ........................................................................................................

ओएमआर सिटमा रोलनम्बर बबल गर्ने उम्मेदवारको संख्याः

प्रश्नको सेट बबल गर्ने उम्मेदवारको संख्याः

उम्मेदवारको बायोमेट्रिक लिने कार्यको अवस्थाः

अन्यः

सुपरिवेक्षकको दस्तखत :- .....................................

सुपरिवेक्षकको नाम :- .....................................

मोबाइल नम्बर :- .....................................

मिति :- .....................................

अनुसूची - १९

दफा १० (२ङ१) सँग सम्बन्धित

## कक्षा ६-१० सामुदायिक विद्यालयमा अध्ययन गरेको निवेदनको ढाँचा

श्री चिकित्सा शिक्षा आयोग,
सानोठिमी, भक्तपुर ।

विषय :- कक्षा ६-१० सामुदायिक विद्यालय अध्ययन गरेको सम्बन्धमा ।

......................जिल्ला ...............................................नगरपालिका/गाउँपालिका वडा नम्बर ......... स्थायी ठेगाना भएका आमा ...........................र बुवा ............................ का छोरी/छोरा ...............................ले तपसिल बमोजिमका सामुदायिक विद्यालयमा अध्ययन गरेको प्रमाणित गर्दछु ।

Student's EMIS Registration ID:
EMIS code of school (प्रमाणित गर्ने विद्यालयको):

| क. सं. | अध्ययन गरेको सामुदायिक विद्यालयको पूरा नाम र ठेगाना | अध्ययन गरेको कक्षा | उत्तीर्ण गरेको साल | कैफियत |
|---|---|---|---|---|
| १ | | कक्षा ६ (छ) | | |
| २. | | कक्षा ७ (सात) | | |
| ३ | | कक्षा ८ (आठ) | | |
| ४ | | कक्षा ९ (नौ) | | |
| ५ | | कक्षा १० (दस) | | |

उल्लिखित विवरण साँचो हो । झुठो ठहरे कानून बमोजिम सहुँला बुझाउँला ।

विद्यार्थीको
दस्तखतः
नाम, थरः
मितिः

प्रधानाध्यापकको
दस्तखतः
नाम, थरः
मितिः
मोबाइल नं.:

विद्यालयको छाप

---

स्थानीय तहको शिक्षा प्रमुखको
दस्तखतः
नामः
पदः
स्थानीय तहः
मितिः
मोबाइल नं.:

स्थानीय तहको छाप

*नोटः माथिका सबै विवरणहरू यही ढाँचामा तयार गरी अनिवार्यरूपमा पेस गर्नुपर्नेछ । ढाँचा अनुसार नआएको, सबै विवरण नभरेको, केरमेट गरेको, नाम, पद र दस्तखत नभएको, अफिसियल छाप नभएको तथा स्पष्ट बुझिने नभएको पत्र स्वीकार गरिने छैन । अन्य कक्षाहरू फरक सामुदायिक विद्यालयबाट उत्तीर्ण गरेको भए पनि कक्षा १० मा अध्ययन गरेको विद्यालयको प्रधानाध्यापकबाट अन्य कक्षा उत्तीर्ण गरेको प्रमाणपत्र हेरी प्रमाणित गराउनुपर्नेछ ।*